# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ अंक २०७ शुक्रबार, २८ भदौ २०८१ SOURYA NATIONAL DAILY Friday, 13 September 2024 पृष्ठ : ८ मूल्य रु. ५


## प्रधानमन्त्री र मन्त्रीहरूबीच कार्यसम्पादन सम्झौता



■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीसँग चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका लागि उपप्रधानमन्त्रीसहित मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार प्रधानमन्त्री ओलीले मन्त्रीहरूसँग सम्झौतामा हस्ताक्षर र सम्झौताको प्रति आदानप्रदान गरेका हुन् ।

साथै, प्रधानमन्त्री र नेपाल सरकारका मुख्यसचिवबीच पनि कार्यसम्पादन सम्झौता भएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न, प्रारम्भ गरिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरू तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौता गरिएको हो ।

अनुसूचीसहित विभिन्न खण्डमा विभाजित कार्यसम्पादन सम्झौतामा सरकार गठन भएको पहिलो १०० दिन अर्थात् ६ कात्तिक, २०८१ सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, दोस्रो १०० दिन अर्थात् १७ माघ, २०८१ सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, आर्थिक वर्ष २०८१/०८२ को बाँकी अवधिमा गर्नुपर्ने काम र हासिल हुने उपलब्धिका विषय समावेश छन् ।

प्रधानमन्त्रीसँग मन्त्रीहरूले कार्यसम्पादन सम्झौता गरेपछि मन्त्रीहरूले सम्बन्धित सचिवहरूसँग पनि कार्यसम्पादन सम्झौता गर्नेछन् । लक्षित उपलब्धि समयमै हासिल गर्न र सेवा प्रवाहमा चुस्तता ल्याउन तथा अनुगमन र मूल्यांकन गर्न यस प्रकारको सम्झौताको पद्धति प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा सुरु गरिएको थियो ।

बिहीबारको उक्त कार्यसम्पादन सम्झौतामा संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री, वन तथा वातावरण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री भने उपस्थित थिएनन् । उनीहरूसँग केही दिनपछि सम्झौता गरिने प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

संवैधानिक परिषद्

# उपसभामुखबिनै बहुमत जुटाउने दाउमा ओली

### प्रचण्डलाई फकाएर भए पनि 'आफ्ना'लाई ल्याउने तयारी

■ सौर्य समाचार

काठमाडौं । बिहीबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमै भेला भएर प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेसका सभापति एवं सत्ताका सारथी शेरबहादुर देउवालाई जन्मदिनको शुभकामना दिए । सत्ता साझेदार दलका यी २ शीर्ष नेताको बालुवाटारमा भेटघाट हुनु कुनै नौलो विषय होइन । तर, उक्त भेटघाटमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पनि सहभागी थिए ।

देउवाको जन्मदिनको संयोग पारेर प्रधानमन्त्री ओलीले संवैधानिक परिषद्को बैठकको तयारीका लागि उक्त भेटघाट जुराएका थिए । उक्त छलफलमा आज (शुक्रबार) बस्ने संवैधानिक परिषद् बैठकको तयारी र समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । सत्ता पक्षले उपसभामुख इन्दिरा रानामगरलाई हटाउने तयारी गरिरहँदा ३ शीर्ष नेताहरूको भेटघाट र छलफललाई महत्वका साथ हेरिएको छ ।

संवैधानिक परिषद्मा अल्पमतमा रहेको सत्ता पक्षलाई संवैधानिक निकायका केही रिक्त पद र रिक्त हुनेवाला पदका लागि तत्काल सिफारिस गुर्नपर्नेछ । यसका लागि पनि ओली परिषद्का सदस्यहरूको साथ खोजिरहेका छन् । बहुमत पुगेको अवस्थामा ' आफ्ना'लाई नियुक्ति दिने ओलीको तयारी छ, र त्यसैको सिकार अहिले प्रतिनिधिसभाकी उपसभामुख रानामगर बनिरहेकी छन् ।

संविधानतः प्रधानन्यायाधीशसहित संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरूको नियुक्तिको सिफारिस संवैधानिक परिषद्ले गर्छ । जसमा प्रधानमन्त्रीको अध्यक्षतामा ६ सदस्यीय संवैधानिक परिषद् रहने व्यवस्था छ । परिषद्मा प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र उपसभामुख सदस्य रहन्छन् । सिफारिसका लागि सर्वसम्मत वा बहुमत चाहिन्छ । अहिलेको अवस्थामा सत्ता पक्षसँग प्रधानमन्त्री र प्रतिनिधिसभाका सभामुख गरी २ मत मात्र छ । जबकी विपक्षसँग प्रतिनिधिसभाको उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र विपक्षी दलको नेता गरी ३ मत छ । प्रधान्यायाधीशलाई तटस्थ राख्दा सत्ता पक्ष अल्पमतमा छ । यस्तो अवस्थामा आफूले चाहेका मान्छेलाई नियुक्तिको सिफारिस गर्न सत्ता पक्ष असमर्थ छ ।



यही कारण उपसभामुखलाई हटाएर आफूअनुकूललाई ल्याउनका लागि ओली अहिले प्रचण्डलाई फकाउने प्रयासमा देखिन्छन् । तर, बिहीबार बालुवाटारको उक्त बैठकमा प्रचण्डले रिक्त रहेका सबै पदमा एकैपटक नियुक्ति सिफारिस गर्नुपर्ने बताएपछि ओली समस्यामा छन् । बिहीबारको बैठकमा अध्यक्ष प्रचण्डले शुक्रबार नै सबै रिक्त पदमा सिफारिस गर्नुपर्ने, नभए अर्को सहमति गरेर रिक्त पदमा सिफारिस गर्नुपर्ने धारणा राखेकाले नियुक्तिमा भागबन्डा हुने आशंका छ । आज संवैधानिक परिषद्को बैठक बस्दैछ । बैठकमा रिक्त संवैधानिक पदहरूमा सिफारिस गर्ने बताइएको छ ।

प्रधानमन्त्री बनेपछि ओलीले पहिलोपटक संवैधानिक परिषद्को बैठक राख्दैछन् र संवैधानिक निकायमा रिक्त रहेको पदमा नियुक्तिका लागि सिफारिस गर्ने तयारीमा छन् । माओवादीसँग भागबन्डा मिलेको अवस्थामा त एकैपटक सिफारिस गर्न कुनै समस्या नहोला, तर भागबन्डा मिलेन भने आफूअनुकूल मान्छेलाई नियुक्ति दिने सत्तापक्षको चाहनामा अर्को धक्का लाग्ने पक्का छ ।

आजै प्रधानन्यायाधीशको नियुक्ति सिफारिस हुने !

संवैधानिक परिषद्ले तत्काल करिब ८ वटा पदमा नियुक्ति सिफारिस गर्नुपर्नेछ । सर्वोच्च अदालतका प्रधानन्यायाधीश, राष्ट्रिय समावेशी आयोगको अध्यक्ष तथा निर्वाचन आयोग, राष्ट्रिय समावेशी आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महिला आयोगमा १-१ जना पदाधिकारीको पद अहिले खाली छ । जसमा उमेरहदका कारण आगामी असोज १८ गतेदेखि प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ अवकाशमा जाँदै छन् । संविधानअनुसार अवकाशमा जानुभन्दा १ महिनाअगाडि नै अर्को प्रधानन्यायाधीशको नाम सिफारिस हुनुपर्ने हुन्छ । यसअघि नै न्यायपरिषद्ले ८ जना सम्भावित न्यायाधीशहरूको सूची संवैधानिक परिषद्लाई पठाइसकेको छ । न्यायपरिषद्ले न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदीको नाम सिफारिस गरेको छ । तर, पछिल्लो सत्ता समीकरणमा विपक्षीको बहुमत भएपछि सरकारले सिफारिसका लागि संवैधानिक परिषद्को बैठक नै राख्न सकेको छैन ।

हालसम्मको परम्पराअनुसार हालका वरिष्ठतम न्यायाधीश प्रकाशमानसिंह राउत प्रधानन्यायाधीशमा सिफारिस हुनुपर्ने भए पनि ओली एमालेको तर्फबाट समानुपातिकमार्फत् संविधानसभा सदस्यसमेत भइसकेकी सपना प्रधान मल्ललाई प्रधानन्यायाधीश बनाउने तयारीमा देखिन्छन् ।

बाँकी पृष्ठ २

■ राष्ट्रपतीय बहसमा ह्यारिसको दबदबा

## सम्भावित चुनावी नतिजामा नेपालको चासो

■ सौर्य समाचार

काठमाडौं । अमेरिकी राष्ट्रपतिकी उम्मेदवार कमला ह्यारिसको मंगलबारको प्रष्ट योजना थियो- फिलाडेल्फियाको बहसमा आक्रमण गर्ने र मानसिक रूपमा राष्ट्रपतिका अर्का उम्मेदवार डोनाल्ड ट्रम्पलाई अस्थिर गराउने । यही योजनामा उनी सुरुदेखि थिइन् । बहसको सुरुआतमा उनले हात मिलाइन् । त्यसपछि सबै दर्शकको ध्यान आफूतर्फ आकर्षित गरिन् ।

ह्यारिस बिस्तारै आक्रामक हुँदै गएपछि ट्रम्पले आफ्नो नियन्त्रण नै गुमाए । समय-समयमा उनी रिसाएका पनि थिए । धेरै राजनीतिका पण्डितहरूले ह्यारिसले जितका लागि एउटा बाटो तय गरेको अनुमान



गरिसकेका थिए ।

यस बहसमा धेरै जनाको चासो केही विषयमा पक्कै थियो । केही महत्वपूर्ण विषयमा ह्यारिसको एप्रोच उनीहरूले बुझ्न चाहेका थिए । आर्थिक सवालमा उनका ३ वटा नीति प्रष्ट थिए- करको रकम बच्चाहरूका लागि खर्च गर्ने, साना व्यवसायीलाई करमा छुट तथा घर खरिदमा सहुलियत । यी सबैमा उनी आफ्नो धारणा प्रष्टसँग राख्न सफल भइन् ।

ह्यारिसले आर्थिक समानताको विषय उठाउँदा ट्रम्पको ध्यान भने उनलाई मार्क्सवादबाट प्रभावित तथा र्‍याडिकल वामपन्थी भएको पुष्टि गर्नेमा थियो । सो सवालमा पनि ट्रम्प असफल रहे ।

बाँकी पृष्ठ २

थप पेचिलो बन्यो निजी क्षेत्रमा अख्तियार प्रवेशको विषय

## सहमति जुटाउन संसदीय उपसमिति गठन



■ सौर्य समाचार

काठमाडौं । निजी क्षेत्रलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने विषयमा सहमति जुटाउन संसदीय उपसमिति गठन गरिएको छ । बिहीबार बसेको प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलका क्रममा निजी क्षेत्रमा अख्तियारको प्रवेशबारे सहमति जुटाई सुझाव दिन ९ सदस्यीय उपसमिति गठन गरेको हो ।

उपसमितिमा नेपाली कांग्रेसका सांसद हृदयराम थानी, नेकपा एमालेका सांसद रघुजी पन्त, नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, राप्रपा सांसद बुद्धिमान तामाङ, जसपा सांसद अशोक राई, नेकपा एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डे, रास्वपा सांसद चन्दा कार्की र लोसपा सांसद सर्वेन्द्रनाथ शुक्ला सदस्य छन् ।

समितिले निजी क्षेत्रलाई पनि अख्तियारको दायरामा ल्याउने प्रावधानमाथि छलफल सुरु भएको हो । छलफलका क्रममा गृहमन्त्री रमेश लेखकले निजी क्षेत्रमा प्रवेश गर्ने/नगर्ने विषयमा स्पष्ट हुन गहन छलफल गरेर सहमति जुटाउनुपर्ने बताए । यस विषयमा पहिले समिति सैद्धान्तिक रूपले स्पष्ट हुन जरुरी रहेको उनको भनाइ थियो । 'निजी क्षेत्रमा अख्तियारको क्षेत्राधिकार जाने कि नजाने, जाने हो भने कतिसम्म जाने भन्ने कुरामा स्पष्ट भयो भने लेख्ने कुरामा गाह्रो हुन्न,' लेखकले भने, 'पहिले प्रिन्सिपल सेट हुनुपर्‍यो, सोहीअनुसार भाषा लेख्ने हो, भाषा लेख्ने कुरा कठिनाइ होइन ।'

छलफलका क्रममा निजी क्षेत्रमा जानुहुन्न भन्ने कुरामा आमसहमति देखिएको बताउँदै उनले भने, 'अझै एउटा कुरा टुंगिन बाँकी रहेजस्तो के देखियो भने सरकारी पैसा निजीमा गएको छ भने फेरि हेर्नुपर्छ भन्ने पनि छ ।

बाँकी पृष्ठ २

## यस भित्र


'गरिबी न्यूनीकरण गर्न कृषिमा लगानी बढाउनुपर्छ' पृष्ठ ३

संगीता मिस युनिभर्स पृष्ठ ६

कतार निर्यात हुन थाल्यो नेपाली तरकारी पृष्ठ ७


## यातायात क्षेत्रमा सरकारले गरेका निर्णय सर्वोच्चद्वारा असंवैधानिक ठहर

■ सौर्य अनलाइन

काठमाडौं । सर्वोच्च अदालतले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका ट्रक यातायात क्षेत्रका विभिन्न विषयमा भएको मन्त्रिपरिषद्का निर्णयलाई बदर गरेको छ । नेपाल ट्रक यातायात व्यवसायी महासंघले १ साउन, २०७५ मा दायर गरेको रिटको सुनुवाइ गर्दै न्यायाधीश सपना प्रधान मल्ल र बालकृष्ण ढकालको संयुक्त इजलासले महासंघको कानुनी स्थिति र यातायात क्षेत्रमा भएका मन्त्रिपरिषद्का निर्णयहरू बदर गरेको हो ।

सर्वोच्च अदालतले नेपाल ट्रक यातायात व्यवसायी महासंघ, नेपाल



यातायात व्यवसायी राष्ट्रिय महासंघ तथा अन्य संघसंस्थाको दर्ता प्रमाणपत्र नवीकरण नगर्ने, दर्ता खारेज गर्ने र सम्पत्ति जफत गर्ने नेपाल सरकारका निर्णयहरूलाई असंवैधानिक ठहर गरेको छ । यस निर्णयले यातायात व्यवसायीहरूको हकमा महत्वपूर्ण राहत ल्याएको नेपाल ट्रक यातायात व्यवसायी महासंघका महसचिव राजेन्द्रबिक्रम बानियाँले बताए । उनले भने, 'यस निर्णयले व्यवसायीहरूको संस्थागत अस्तित्व र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्ने आशा व्यक्त गरिएको छ,' उनले भने ।

सर्वोच्च अदालतको इजलासले ४ वैशाख, २०७५ र ३१ असार, २०७४ मा नेपाल सरकारद्वारा लिइएको निर्णयहरूको पुनरावलोकन गर्दै यी निर्णयहरू संविधान र कानुन विपरीत रहेको ठहर गरेको हो ।

बाँकी पृष्ठ २

## उपसभामुखबिनै बहुमत...

त्यस्तै, आगामी वैशाखमा ६ वर्षे कार्यकाल पूरा गरी प्रमुख निर्वाचन आयुक्तमा नियुक्त भएका दिनेशकुमार थपलिया बिदा हुँदै छन् भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोरकुमार सिलवाल पनि वैशाखमै उमेरहदका कारण अवकाशमा जाँदै छन् । यी २ पद पनि महत्वपूर्ण भएकाले सत्ता पक्ष आफ्नै अनुकूलको नियुक्ति गराउन उद्दत छ ।

स्रोतका अनुसार आजको परिषद् बैठकमा प्रधानन्याधीशको मात्र सिफारिस हुने बुझिएको छ । बाँकी पदमा सहमति र बागबन्डाका आधारमा पछि छलफल गरेर मात्र सिफारिस गर्ने तयारी छ । आगामी असोज ४ मा संयुक्त राष्ट्रसंघको ७९औं महासभामा सहभागी हुन प्रधानमन्त्री ओली अमेरिका जाने भएकाले त्यसपछि मात्र बाँकी पदमा छलफल गरेर सिफारिस गर्ने बुझिएको छ ।

## सम्भावित चुनावी...

ह्यारिसले अमेरिका अब नयाँ बाटोमा जाने बताउँदै त्यो बाटो नयाँ ह्यारिस नीतितर्फ नै संकेत गरेकी थिइन् ।

बहसको मुख्य विषय भने आप्रवासी मुद्दा थियो । संसारका धेरै आप्रवासीको अमेरिका प्रवेशले अपराध बढाउने कुरामा ट्रम्पले जोड दिँदा ह्यारिस किञ्चित डगमगाइनन् । ट्रम्पको एउटै नीति आप्रवासी मुद्दा थियो । उनले बाइडेन प्रशासन कमजोर भएको कुरा बारम्बार उठाइरहँदा ह्यारिस भने आफ्नो भविष्यको मुद्दामा केन्द्रित हुदै सबैलाई प्रभाव पार्न सफल भइन् ।

सन् २०२० मा २ लाख ५ हजारभन्दा बढी नेपाली अमेरिकामा रहेको तथ्यांक थियो । सन् २००० देखि २०१० सम्ममा नेपाली आप्रवासीको संख्या ५६० प्रतिशतले वृद्धि भएको थियो भने त्यसपछि २९५ प्रतिशतले वृद्धि भएको हो । यही अवस्था अन्य निम्न तथा मध्यम आय भएका देशका नागरिकको पनि छ । अझ युद्ध प्रभावित देशका नागरिक धेरै अमेरिका पुगेका छन् । सबैलाई शरण दिने अमेरिकी नीतिको गलत फाइदा संसारका धेरै देशले उठाएका छन् । यसैको उदाहरण नेपालको नक्कली भुटानी शरणार्थी प्रकरणसमेत हो । यस प्रकरणमा नेपालका शीर्षस्थ व्यक्तिहरूको समेत संलग्नता पुष्टि भइसकेको छ ।

'मेकिङ माइग्रेसन फर अल' नीतिअनुरूप अमेरिकाले संसारमा समस्यामा रहेका नागरिकलाई आफ्नो देशमा शरण दिने नीति लिएको थियो । भुटानमा रहेका नेपाली मूलका व्यक्तिलाई त्यहाँबाट लखेटिएपछि उनीहरू झापा र मोरङमा आएर बसोबास गरेका थिए । त्यसै समयमा आएका करिब १ लाख हाराहारी नेपाली मूलका भुटानीलाई अमेरिकाले शरण दिएको थियो । सन् २००७ देखि २०१४ सम्म ८८ हजारभन्दा बढी व्यक्ति अमेरिका पुगेका थिए । अझै नेपालमा भुटानी शरणार्थी बाँकी रहेको भन्दै नेपाली अधिकारीले गलत डकुमेन्टसमेत तयार गरेका थिए ।

राष्ट्रपतिका २ उम्मेदवारबीचको बहस नेपाल लक्षित त थिएन । तर, संसारमा साँच्चै दुःख पाएकाहरूको सवालमा ह्यारिस दयालु भए पनि गलतलाई छुट नदिने प्रष्ट धारणा राखिसकेकी छिन् । उनले बाइडेन प्रशासनको बचाउ पनि गरेकी छैनन् । बारम्बार अबको अमेरिका नयाँ बाटोमा जाने कुरामा जोड दिएकी छिन् । यसको मतलब गलत बाटोबाट अमेरिका प्रवेश गर्ने आप्रवासीको सवालमा ह्यारिस दयालु हुन्छिन् भन्ने उनको बहसले देखाएको छैन ।

धेरै अफ्रिकी देशका नागरिक भने मेक्सिकोको अवैध सीमाबाट अमेरिका प्रवेश गर्ने गरेका छन् । यसै वर्ष अमरिकी दूतावासले सूचना नै जारी गरेर गलत डकुमेन्टको सवालमा कडा कारबाही गर्ने चेतावनी दिए पनि यो प्रयास अझ रोकिएको छैन । शरणार्थीका रूपमा, खेलकुद, कला र साहित्य क्षेत्रमा पनि यो क्रम जारी छ । यसमा ट्रम्प र बाइडेन दुवै कठोर छन् । ट्रम्प आप्रवासी कम गर्ने नीति चाहन्छन् । ह्यारिस भने सही परिचय र अमेरिकालाई उपयुक्त ठहर हुने मात्र होइन, मानवीय संवेदनालाई सम्बोधन गर्नुपर्ने कुरामा सचेत छिन् ।

ट्रम्प र बाइडेन नीतिमा आउने फरकमा डिभीको संख्याका बारे अझै बहस भएको छैन । तसर्थ अन्य विषयमा युद्धरत धेरै देशका नागरिकको हकमा आप्रवासी नीतिमा असर गर्न सक्छ । ट्रम्पको जित उनीहरूका लागि बाधक बन्न सक्छ । डिभी तथा अन्य विविध क्षेत्रमा राम्रो सीप भएकाहरूका लागि धेरै असर नगर्न सक्छ । परन्तु अमेरिकी राष्ट्रपति चुनाव र यसले दिने नतिजा अमेरिका जान चाहने एसियाली देशका नागरिकका लागि मुख्य चासो र चिन्ताको विषय भने पक्कै हो । ह्यारिसले अमेरिका अब नयाँ बाटोमा जाने बताउँदै त्यो बाटो नयाँ ह्यारिस नीतितर्फ नै संकेत गरेकी थिइन् । बहसको मुख्य विषय भने आप्रवासी मुद्दा थियो । संसारका धेरै आप्रवासीको अमेरिका प्रवेशले अपराध बढाउने कुरामा ट्रम्पले जोड दिँदा ह्यारिस किञ्चित डगमगाइनन् । ट्रम्पको एउटै नीति आप्रवासी मुद्दा थियो । उनले बाइडेन प्रशासन कमजोर भएको कुरा बारम्बार उठाइरहँदा ह्यारिस भने आफ्नो भविष्यको मुद्दामा केन्द्रित हुदै सबैलाई प्रभाव पार्न सफल भइन् ।

सन् २०२० मा २ लाख ५ हजारभन्दा बढी नेपाली अमेरिकामा रहेको तथ्यांक थियो । सन् २००० देखि २०१० सम्ममा नेपाली आप्रवासीको संख्या ५६० प्रतिशतले वृद्धि भएको थियो भने त्यसपछि २९५ प्रतिशतले वृद्धि भएको हो । यही अवस्था अन्य निम्न तथा मध्यम आय भएका देशका नागरिकको पनि छ । अझ युद्ध प्रभावित देशका नागरिक धेरै अमेरिका पुगेका छन् । सबैलाई शरण दिने अमेरिकी नीतिको गलत फाइदा संसारका धेरै देशले उठाएका छन् । यसैको उदाहरण नेपालको नक्कली भुटानी शरणार्थी प्रकरणसमेत हो । यस प्रकरणमा नेपालका शीर्षस्थ व्यक्तिहरूको समेत संलग्नता पुष्टि भइसकेको छ ।

'मेकिङ माइग्रेसन फर अल' नीतिअनुरूप अमेरिकाले संसारमा समस्यामा रहेका नागरिकलाई आफ्नो देशमा शरण दिने नीति लिएको थियो । भुटानमा रहेका नेपाली मूलका व्यक्तिलाई त्यहाँबाट लखेटिएपछि उनीहरू झापा र मोरङमा आएर बसोबास गरेका थिए । त्यसै समयमा आएका करिब १ लाख हाराहारी नेपाली मूलका भुटानीलाई अमेरिकाले शरण दिएको थियो । सन् २००७ देखि २०१४ सम्म ८८ हजारभन्दा बढी व्यक्ति अमेरिका पुगेका थिए । अझै नेपालमा भुटानी शरणार्थी बाँकी रहेको भन्दै नेपाली अधिकारीले गलत डकुमेन्टसमेत तयार गरेका थिए ।

राष्ट्रपतिका २ उम्मेदवारबीचको बहस नेपाल लक्षित त थिएन । तर, संसारमा साँच्चै दुःख पाएकाहरूको सवालमा ह्यारिस दयालु भए पनि गलतलाई छुट नदिने प्रष्ट धारणा राखिसकेकी छिन् । उनले बाइडेन प्रशासनको बचाउ पनि गरेकी छैनन् । बारम्बार अबको अमेरिका नयाँ बाटोमा जाने कुरामा जोड दिएकी छिन् । यसको मतलब गलत बाटोबाट अमेरिका प्रवेश गर्ने आप्रवासीको सवालमा ह्यारिस दयालु हुन्छिन् भन्ने उनको बहसले देखाएको छैन ।

धेरै अफ्रिकी देशका नागरिक भने मेक्सिकोको अवैध सीमाबाट अमेरिका प्रवेश गर्ने गरेका छन् । यसै वर्ष अमरिकी दूतावासले सूचना नै जारी गरेर गलत डकुमेन्टको सवालमा कडा कारबाही गर्ने चेतावनी दिए पनि यो प्रयास अझ रोकिएको छैन । शरणार्थीका रूपमा, खेलकुद, कला र साहित्य क्षेत्रमा पनि यो क्रम जारी छ । यसमा ट्रम्प र बाइडेन दुवै कठोर छन् । ट्रम्प आप्रवासी कम गर्ने नीति चाहन्छन् । ह्यारिस भने सही परिचय र अमेरिकालाई उपयुक्त ठहर हुने मात्र होइन, मानवीय संवेदनालाई सम्बोधन गर्नुपर्ने कुरामा सचेत छिन् ।

ट्रम्प र बाइडेन नीतिमा आउने फरकमा डिभीको संख्याका बारे अझै बहस भएको छैन । तसर्थ अन्य विषयमा युद्धरत धेरै देशका नागरिकको हकमा आप्रवासी नीतिमा असर गर्न सक्छ । ट्रम्पको जित उनीहरूका लागि बाधक बन्न सक्छ । डिभी तथा अन्य विविध क्षेत्रमा राम्रो सीप भएकाहरूका लागि धेरै असर नगर्न सक्छ । परन्तु अमेरिकी राष्ट्रपति चुनाव र यसले दिने नतिजा अमेरिका जान चाहने एसियाली देशका नागरिकका लागि मुख्य चासो र चिन्ताको विषय भने पक्कै हो ।

## यातायात क्षेत्रमा...

अदालतले सो निर्णयमा भनेको छ, 'नेपाल ट्रक यातायात व्यवसायी महासंघ र अन्य संघसंस्थाहरूको ऐन २०३४ अन्तर्गत दर्ता प्रमाणपत्रको नवीकरण गर्ने र खारेज गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई मात्र रहेको छ । यस अर्थमा, नेपाल सरकार र मन्त्रिपरिषद्को निर्णय कानुनी अधिकार क्षेत्र बाहिरको रहेको ठहर गरिएको छ ।'

त्यस्तै, अदालतले नेपाल ट्रक यातायात व्यवसायी महासंघको सम्पत्ति फुकुवा गर्न र दर्ता प्रमाणपत्रको कानुनी प्रक्रियाअनुसार नवीकरण गर्न पनि आदेश दिएको छ । यस निर्णयको कार्यान्वयनलाई सुनिश्चित गर्न महान्यायाधिवक्ताको कार्यालयमा जानकारी पठाउने व्यवस्था गरिएको छ । अदालतको आदेशमा यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) को दफा ९ (७) को व्यवस्थाले महासंघको अधिकार हनन गरेको उल्लेख गरिएको छ । यस निर्देशिकाले यातायात क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्य राखेपनि महासंघको दर्ता खारेज गर्ने र सम्पत्ति जफत गर्ने निर्णयको कानुनी आधार प्रष्ट गरिएको छैन ।

अदालतको निर्णयमा भनिएको छ, 'कुनै पनि व्यक्ति वा संस्थाविरुद्ध निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्तअनुसार उनीहरूलाई आफ्नो पक्षमा बोल्ने अवसर प्रदान गर्नुपर्ने हुन्छ । तर, नेपाल सरकार र सम्बन्धित मन्त्रीद्वारा गरिएको निर्णयमा महासंघलाई सुनुवाइको अवसर प्रदान नगरी निर्णय गरिएको पाइएको छ, जसले गर्दा निर्णय कानुनी आधारबिहीन भएको अदालतले ठहराएको हो ।'

## सहमति जुटाउन...

सरकारी पैसा निजीमा गएमा कस्तो गएको हो ? ऋण गएको कि अनुदान गएको अथवा जाने प्रक्रियालाई समात्ने कि ? जुन सरकारी पैसा गएको छ, त्यो हकसम्म मात्रै हेर्ने हो कि, यो कुरामा समिति पहिले सिद्धान्तः स्पष्ट होस् ।'

छलफलका क्रममा रहेको विधेयकमा निजी कम्पनी वा व्यक्ति भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न भए अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन सक्ने प्रावधान राखिएको छ । विधेयकमा सार्वजनिक संस्थाको परिभाषामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर वा प्रकारका बैंक, वित्तीय संस्था, बिमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज र सोसम्बद्ध अस्पताल, अन्य महाविद्यालय वा कलेज, सार्वजनिक सेवा प्रवाह गर्ने पब्लिक कम्पनीलाई राखिएको छ । विधेयकमा राखिएको यो प्रावधानले निजी क्षेत्र आतंकित भएको छ । निजी क्षेत्रका विभिन्न संगठनले यसको विरोध गर्दै सरकार र संसद्को ध्यानाकर्षण गराइसकेका छन् ।

उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सलगायत संगठनले यो प्रावधानले नेपालका उद्योगी व्यवसायीलाई हतोत्साहित गर्ने भन्दै विरोध गरेका छन् । विश्व नै केरोनाको त्रास र चपेटामा परेको र अर्थतन्त्र ठप्पप्राय भएको वर्तमान अवस्थामा आएको विधेयकको यस्तो नियन्त्रणकारी प्रावधानले नेपालको निजी क्षेत्र थप चिन्तित भएको उनीहरूको तर्क छ । निजी क्षेत्रलाई नियमन गर्न प्रचलित कानुनले अन्य धेरै नियमनकारी निकाय व्यवस्था गरेको भन्दै अझै अख्तियारको प्रवेश गराएर आतंक सिर्जना गरिएको निजी क्षेत्रको आरोप छ । उक्त प्रावधानले निजी क्षेत्रको पेसागत स्वतन्त्रताउपर हस्तक्षेप हुने भन्दै उनीहरूले देशको आर्थिक कारोबार चलायमान बनाउन र व्यावसायिक कार्य अघि बढाउनेतर्फ केन्द्रित हुनुको साटो सरकारी निकायको उत्पीडनमा पार्ने गरी सरकार लागेको बताउँदै आएका छन् ।

निजी क्षेत्रले मात्र होइन, सत्तारुढ र विपक्षी दलकै सांसदहरूले पनि यो प्रावधानको चर्को विरोध गर्दै आएका छन् । नेपाली कांग्रेस, माओवादी, रास्वपा, नेकपा एकीकृत समाजवादीलगायत दलका सांसद यो प्रावधानको विपक्षमा छन् । कांग्रेस सांसद हृदयराम थानीले निजी क्षेत्रलाई समेत अख्तियारको दायरामा ल्याए लगानी निरुत्साहित हुने बताएका छन् भने नेकपा एसका राजेन्द्र पाण्डेले निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउनु संविधानविपरीत हुने तर्क गरेका छन् । यस्तै, रास्वपा सभापति तथा सांसद रवि लामिछानेले निजी क्षेत्रमा अख्तियारको प्रवेशको विषय गम्भीर रहेको बताएका छन् । यता, कांग्रेस सांसद तथा समिति सभापति रामहरि खतिवडाले भने सरकारी लगानीमा स्थापित संस्था मात्रै अख्तियारको दायरामा रहने व्यवस्था गर्नुपर्ने बताएका छन् ।

### मोटरसाईकल हरायो

तससिल बमोजिमको मोटरसाइकल मिति २०८१ भदौ २५ गते महालक्ष्मी न.पा. वडा नं. ७ चाङ्गाथलि स्थित ड्राइभिङ सेन्टर नजिक सार्वजनिक बाटोमा पार्किङ गरि राखेको ठाउँबाट हराएको हुँदा पाउनु हुने महानुभावले मेरो तल उल्लेखित ठेगाना तथा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिन हुन अनुरोध गर्दछु ।

**नाम : जस्टिन तण्डुकार**
**बा.प्र. ०२०४७प५६६१**
**यमहा FZ5**
**इन्जिन नं. : 73j3e05908**
**च्यासिज नं. MEARO445CNOO94408**

### कर्णाली जलश्रोत लिमिटेडको
### दसौं बार्षिक साधारण सभा सम्बन्धी सूचना
**तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/२८**

मिति २०८१।०५।१४ को सञ्चालक समितिको निर्णय अनुसार यस कम्पनीको दसौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा आयोजना हुने भएकोले, तपसिलमा लेखिएका प्रस्तावहरुमा छलफल गरी निर्णय अनुमोदन गर्नका लागि यस कम्पनीका सम्पूर्ण संस्थापक शेयरधनीहरुलाई पत्र, फोन, इमेल मार्फत सूचना पठाई सकिएको छ। कुनै कारण बस जानकारी प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सामान्य प्रस्तावः**
१. सञ्चालक समितिको प्रगति प्रतिवेदन
२. आ.व. २०८०/०८१ मा भएको कारोवारको लेखापरिक्षण प्रतिवेदन
३. आ.व. २०८१/०८२ मा भएको कारोवारको लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

**विशेष प्रस्तावः:**
४. सर्वसाधारणमा शेयर निष्काशन गर्ने सम्बन्धमा ।

**बार्षिक साधारण सभाः**
मितिः२०८१।०६।१२ गते शनिबार
समयः दिउसो ११.०० बजे
स्थानः ए-वान क्याफे एण्ड बैंकेट, शंखमुल काठमाडौं

**अध्यक्ष**
**सञ्चालक समिति**

### बागमती प्रदेश काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिकाको क्षेत्राधिकार (शिवपुरी नागर्जुन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र बाहेक) भित्र बग्ने बिभिन्न खोला/ खोल्छिहरुबाट दीगो रुपमा गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना
**प्रकाशित मिति 20८१/०५/२८**

बागमती प्रदेश काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गोकर्णेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जोरपाटी, काठमाडौं फोन नं. ०१-४९१४११५, इमेलः gokarneshwormun@gmail.com |
| प्रस्तावको व्यहोरा | गोकर्णेश्वर नगरपालिकाको क्षेत्राधिकार (शिवपुरी नागर्जुन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र बाहेक) भित्र बग्ने खोला/खोल्छिहरुबाट दीगो रुपमा गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | काठमाडौं जिल्ला/ गोकर्णेश्वर नगरपालिका वडा नं.१,२,३ र ४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली,, जैविक प्रणाली,, सामाजिक प्रणाली,, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न गोकर्णेश्वर नगरपालिका वडा नं.१,२,३ र ४ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गोकर्णेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल फोन नं. ०१-४९१४११५, इमेलः gokarneshwormun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | सहकार्य कन्सल्ट प्रा. लि., बुद्धनगर, काठमाडौं फोन नं. ९८४९२२०२५४, इमेल sahakaryaconsult@gmail.com |

### Kalika Rural Municipality
### Office of The Municipal Executive
**Dhaibung, Rasuwa**
**Bagmati Province, Nepal**

### Invitation for Bid
**Date of First Publication:13-09-2024**

1. The Kalika Rural Municipality invitesE-bidfrom eligible bidder's for following works under National Competitive Bidding (NCB), Single Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO Web Portal www.bolpatra.gov.np/egp, or at the office of Kalika Rural Municipality, Dhaibung, Rasuwa.

| Contract ID | Name of Project | Bid Security Amount (NRS) | Bid Document Fee (Non-Refundable ) | Estimated Amount (NRs) | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| KRM/NCB/ WORKS/ 2081-082/1 | Upgrading of Rupsepani Badahare Sadak | Rs. 5,00,000 | Rs.3,000 | 15,818,631.71 (Exclusive of VAT, Contingencies And P.S Item) | 15-10-2024, 12:00Hrs | 15-10-2024, 14:00Hrs |

2. The Employer reservers the right to accept or reject, wholly or partly any or all bids without assigning any reason, whatoever.

**Chief Administrative officer**

### फिक्कल गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
**खाङ्साङ, सिन्धुली**

### सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशित मितिः- २०८१/०५/२८**

यस फिक्कल गाउँपालिकाको आ.व ०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम उल्लेखित कार्यको सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेखित भएका कार्यहरूको लागी इजाजत प्राप्त कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन (मिति २०८१/०६/१३) को दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबै को जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of works | Bid Security amount | Price of Bid document | Bid Validity Period | Estimate Amount Including Vat |
|---|---|---|---|---|---|---|
| 1. | FRM/Sindhuli/Goods/ SQ/01/081-82 | Supply and Delivery of Stationery and other items. | Rs. 50,000/- | Rs. 1000/- | 90 days | Rs. 19,30,675.06/- |
| 2. | FRM/Sindhuli/Goods/ SQ/02/081-82 | Supply and Delivery of HDPE Pipe. | Rs.25,000/- | Rs. 1000/- | 90 days | Rs. 8,90,468.93/- |

**नोटः**- दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.phikkalruralmun.gov.np हेर्नुहुन वा phikkalruralmun@gmail.com वा यस कार्यालयको फोन नं. ९८५४०४५४६२ वा ९८४९६१९९८६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


### QATAR मा रोजगार SMART PARKING MANAGEMENT
पुर्ब स्वीकृती मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५२३५ LT No.: 310599

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 25 | 0 | काममा दक्ष | 1500 | ५५,२६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | निःशुल्क |

**अन्तरवार्ता २०८१ असोज ४ गते (20 Sept., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043


### नेपाल सरकार
### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
### सडक विभाग
### संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
### सडक डिभिजन पोखरा
### कास्की

### सडक डिभिजन पोखराको बोलपत्र स्वीकृतिको लागि आशयको सूचना
**प्रकाशित मिति २०८१/०५/२८**

मिति २०८१/०४/२७ मा *आर्थिक राष्ट्रिय दैनिक* तथा *www.bolpatra.gov.np* मा प्रथम पटक प्रकाशित सूचना नं. ०४-२०८१/०८२ को सूचनामा उल्लेखित अन्तिम म्याद मिति २०८१/०५/२५ गते भित्र पर्न आएका बोलपत्रहरुको (E-submission) को आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|---|
| 1. | RDPKR/337310113/081/82-07 | Periodic Maintenance works At Mirdi -Chitre Bhanjyang (0+000 to 3+840 ) F186. | **M/S Kamalpokhari Nirman sewa pvt.ltd, Pokhara** | **1,06,18,398.96** |

डिभिजन प्रमुख

### संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको विद्यमान संस्थापक शेयरधनीले हाल आफनो नाममा कायम रहेको २१,९६,००० कित्ता संस्थापक शेयर बिक्रीको प्रकृयाको लागि निवेदन प्राप्त भएको हुँदा बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ बमोजिम खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुलाई यो सार्वजनिक सूचना प्रकाशीत गरिएको छ । विद्यमानका संस्थापक शेयरधनीहरुले न्युनतम २,००,००० कित्ता वा सो भन्दा बढी प्रति कित्ता न्युनतम मूल्य रु.२०३/- मा नघटने गरि शेयर खरिद गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन) प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको केन्द्रिय कार्यालय कमलादी, काठमाण्डौंमा आवश्यक कागजातहरुका साथ निवेदन पेश गर्नुहुन अनुरोध गर्दछौं । कम्पनीबाट हाल घोषणा भएको हकप्रद शेयर, बोनश शेयर तथा नगद लाभांश निवेदन पेश गर्ने निवेदकहरुले प्राप्त गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट शेयर कारोबार गर्दा खरिदको लागि प्राप्त भएको मुल्यमा हकप्रद शेयर, बोनश शेयर तथा नगद लाभांशबाट समायोजन हुने मुल्यमा शेयरको कारोबार हुने साथै तोकिएको समयावधि भित्र विद्यमान संस्थापक शेयरधनीहरुबाट शेयर खरिद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त नभएमा प्रचलित कानून बमोजिम शेयर बिक्रीको प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

prabhu Mahalaxmi Life
**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि.**
प्रधान कार्यालय : कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ५३५२०१२, ५३२६८५६
E-mail : info@pmlil.com, Web : www.pmlil.com

■ विराटनगरमा कृषि एक्स्पो

# ‘गरिबी न्यूनीकरण गर्न कृषिमा लगानी बढाउनुपर्छ’



■ सौर्य समाचार

विराटनगर । कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले ग्रामीण कृषकमाझ रहेको गरिबी न्यूनीकरणका लागि कृषिमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ कोसी प्रदेशको आयोजनामा बिहीबार विराटनगरमा कृषि एक्स्पो २०८१ उद्घाटन कार्यक्रममा कृषि मन्त्री अधिकारीले कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि सरकारले कृषि लगानी दशक घोषणा गरेको बताएका हुन् ।

लगानी दशकका लागि बैंक तथा वित्तीय संस्थामार्फत कृषिमा लगानीका लागि विशेष उत्पादनहरूमा लगानी सहजीकरण गर्ने पनि मन्त्री अधिकारीले बताए । उनले भने, ‘निजी क्षेत्र र सहकारी क्षेत्रको लगानी अपेक्षा गरे अनुरूप हुन नसक्दा कृषि क्षेत्रको आधुनिकीकरण व्यवसायीकरण हुन सकिरहेको छैन ।’

मन्त्री अधिकारीले कृषिमा निजी क्षेत्रले लगानी गर्ने वातावरण निर्माण गर्न जरुरी रहेको बताए । निजी क्षेत्रको सहभागिताविना लगानी दशकले सार्थकता पाउन गाह्रो रहेको बताउँदै कृषि मन्त्री अधिकारीले भने, ‘कृषिमा लगानी दशकको अभियानले वर्तमान शासकीय संरचनाका तीन वटै तह, कृषक, सहकारी, निजी क्षेत्र, विकास साझेदारको लगानी कृषि क्षेत्रको व्यवसायीकरणमा केन्द्रित गर्नेछ ।’ नेपाली बजारमा दूधको खपत नहुँदा दुग्ध किसान तथा व्यवसायी मर्कामा परिरहेको जनाउँदै मन्त्री अधिकारीले देशमै दुग्ध पदार्थको विविधीकरणका साथै बजारी करणको खोजी गर्न आवश्यक रहेको बताए । दुग्ध विकास संस्थानमार्फत किसानलाई उपलब्ध गराउनुपर्ने दूधको मूल्य भुक्तानीका लागि सरकारले काम गरिरहेको जानकारी गराउँदै उनले भने, ‘अब भुक्तानीको चरणमा रहेको छ । दुग्ध विकास संस्थानमार्फत दूधको मूल्य बक्यौता छिटै समाधान हुनेछ ।’ कोसी प्रदेशमा आयोजना हुन गइरहेको अन्तर्राष्ट्रिय चिया सम्मेलनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट समन्वय भइरहेको पनि उनले जानकारी दिए ।

भदौ ३० गतेसम्म सञ्चालन हुने एक्स्पोमा १३० वटा स्टल रहेका छन् । एक्स्पो अवधिभर कृषि, पशुपन्छी, कस्टम हाइकिङ, क्लाइमेट चेन्ज, जैविक मल तथा विषादि बनाउने र प्रयोग विधिलगायत विषयमा नेपाल र भारतका विज्ञ सहभागितामा संवाद हुने जनाइएको छ । पहाडी जिल्लाबाट अवलोकन गर्न आउने र एकै दिनमा फर्कन नसक्नेका लागि निःशुल्क बस्न र खानाको व्यवस्था मिलाइएको आयोजकले बताएको छ । एक्स्पो सञ्चालनका लागि १ करोड रुपैयाँ खर्च हुने पनि अनुमान गरिएको छ ।

# बागमतीको खेलकुद परिषद्मा लामा र योजना आयोगमा नेपाल

■ छवि अनित्य

हेटौँडा । बागमती प्रदेश सरकारले प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिवमा दीपक लामा र प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा गंगादत्त नेपाललाई नियुक्त गरेको छ । बुधबार साँझ बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले लामो समयदेखि रिक्त रहँदै आएको खेलकुद विकास परिषदको सदस्य सचिव र योजना आयोग उपाध्यक्षको नियुक्ति गरेको हो । सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीको सिफारिसमा लामा सदस्य सचिवमा नियुक्त भएका हुन् ।

प्रदेश युवा तथा खेलकुद मन्त्रालय समेतको सहमतिमा लामालाई नियुक्त गरिएको बागमती सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । कानुनी रूपमा सामाजिक विकास मन्त्रीको सिफारिसमा सदस्यसचिव नियुक्त गर्ने व्यवस्था रहे पनि प्रदेशमा युवा तथा खेलकुद मन्त्रालय पनि कायम रहेकाले मन्त्री मीनकृष्ण महर्जन समेतको सहमतिमा नियुक्त भएका नुवाकोटका लामा उसु खेलाडी हुन् ।

प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्त सिन्धुपाल्चोक हेलम्बुका नेपाल खानेपानी सरसफाई तथा जलवायु परिवर्तनका विज्ञ हुन् । नेपालसँगै मन्त्रिपरिषद् बैठकले आयोगका सदस्यहरूमा काठमाडौँका दीपेन्द्र श्रेष्ठ र काभ्रेका गुणराज मोक्तानलाई नियुक्त गरेको छ ।

यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेश खेलकुद विकास परिषद्को संशोधन प्रस्तावसमेत स्वीकृत गरेको छ । यससँगै युवा तथा खेलकुद मन्त्री महर्जनको पहलमा उक्त संशोधन प्रस्ताव संसद्मा पेस हुन बाटो खुलेको छ । मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सो प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ताका लागि पठाइने मन्त्री महर्जनले बताए ।


**Government of Nepal (GoN) Ministry of Health& Population**

**Sushil Koirala Prakhar Cancer Hospital**

**Date of publication: 2024-09-13**

**Invitation for Bids No: SKPCH/NCB/GOODS/06/081/082**

1. The **Sushil Koirala Prakhar Cancer Hospital** invites *electronic* bids from eligible bidders for **The Procurement of Supply, Delivery and Installation of The Thulium Fiber Laser System under** National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents on PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e- submission from PPMO"s e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs 3000/-** in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Rastriya Banijya Bank**
   Name of Office: **Sushil Koirala Prakhar Cancer Hospital**
   Office Code no. : **370005701** Rajaswa(revenue) Shirshak no. **14229**
   Office Accountno.: **1000100200010000 (Rajaswa Khata)**
4. Pre-bid meeting shall be held at ***Sushil Koirala Prakhar Cancer Hospital Khajura Banke*** at ***2024-09-29 at 14:00 Hour***
5. Electronic bids must be submitted through PPMO"s e-GP system www.bolpatra.gov.np/egp on or before ***12 :00 hour*** on **2024-10-16 .**Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** at **2024-10-16**. The office of ***Sushil Koirala Prakhar Cancer Hospital***. Bids must be valid for a period of ***90 days.*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **3,27,500/- *amount,*** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***120days).***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning reason, whatsoever. Conditional bids are not allowed.


# चितवनबाट काठमाडौँ जाने बिरामी घटे

■ सौर्य समाचार

चितवन । १० वर्षअघि लिइएको एक तथ्यांकमा यहाँबाट २४ घण्टामा ६९ एम्बुलेन्स बिरामी बोकेर काठमाडौँ गएको उल्लेख छ । तत्कालीन समयमा भरतपुरको आँपटारीमा नेपाल प्रहरीको सहयोगमा यहाँका विशेषज्ञ चिकित्सक डा.भोजराज अधिकारीले कार्यपत्र तयारीका लागि यो तथ्यांक लिएका थिए । अधिकारीको भनाइमा भरतपुर मेडिकल सिटीको अध्ययनका लागि लिइएको तथ्यांकमा धेरै बिरामी थप उपचारका लागि काठमाडौँ गएको पाइएको थियो । यो संख्या अहिले आएर हेर्दै गर्दा निकै कम भएको देखिन्छ । एकिन तथ्यांक नलिइएको भए पनि देशभरका एम्बुलेन्स चालकको साझा संस्था संयुक्त एम्बुलेन्स चालक संघ नेपालका अध्यक्ष नवराज लामिछाने अहिले दैनिक ६-७ एम्बुलेन्स मात्रै बिरामी लिएर जाने गरेको बताउँछन् ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्षसमेत रहेका डा.अधिकारीका अनुसार पहिले पहिले बिरामी सामान्य परीक्षण यहाँ गरेर थप परीक्षणका लागि काठमाडौँ जाने गर्दथे । उनले भने, ‘उपचार थालेको १-२ दिनमा ठिक हुन्छ कि हुँदैन, होइन भने काठमाडौँ जान्छु बिरामीले भन्ने गर्नुहुन्थ्यो, अहिले त्यस्तो छैन ।’ अहिले जिल्लामा सबै सुविधा भएका कारण सकेसम्म बिरामी यही उपचार गर्न चाहने गरेको उनको भनाइ छ । उनले भने, ‘सबै खालका उपचार यहाँ हुने भएपछि बाहिरी जिल्लाबाट काठमाडौँ जाने गरेका बिरामी पनि यहाँ आउने गरेका छन् ।’

भरतपुरमा संघीय सरकारको केन्द्रीय स्तरको एक भरतपुर अस्पताल, दुई मेडिकल कलेज, क्यान्सर अस्पताल, आँखा अस्पतालसहित २० भन्दा बढी साना तथा ठूला निजी अस्पताल सञ्चालनमा छन् । यसका अतिरिक्त उत्कृष्ट प्रयोगशाला यहीँ छन् । केही वर्ष अघिसम्म यहाँबाट मुटु, न्यूरो, बाल शल्यचिकित्सा, हर्मनरोग, मेरुदण्डजस्ता रोगका बिरामी काठमाडौँ जाने गर्दथे । यहाँका मेडिकल कलेजले नेपालमा दिन सकिने सबै सेवा दिएकै कारण यहाँका बिरामी बाहिर जान घटेका हुन् ।

चितवन मेडिकल कलेज शिक्षण अस्पतालका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्राडा हरिश्चन्द्र न्यौपाने आधुनिक उपकरण र विशेषज्ञ चिकित्सक पर्याप्त हुँदा उपचारका लागि काठमाडौँ जाने बिरामी घटेको बताउँछन् । उनले भने, ‘काठमाडौँ जाने होइन, बिरामी काठमाडौँबाट चितवन आउने गरेका छन् ।’ उनले छिमेकी जिल्लाबाट रिफर भएर पनि ठूलो संख्यामा बिरामी यहाँ आउने गरेको बताए । उनले भने, ‘मुटु, मिर्गौला, मेरुदण्ड लगायतका बिरामी काठमाडौँबाट चितवन आउँछन् ।’

क्यान्सर उपचारका लागि चितवन देशकै केन्द्र भएको भन्दै प्राडा न्यौपानेले राजधानीसहित देशैभरी र भारतबाटसमेत बिरामी आउने गरेको बताए । राजधानी काठमाडौँमा हुने उपचार चितवनमा हुने उनको भनाइ छ । उनले भने, ‘बोनम्यारो प्रत्यारोपणबाहेक सबै उपचार चितवनमा हुन्छन् ।’ भरतपुर अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेल विगतको तुलनामा निकै न्यून बिरामी मात्रै यहाँबाट रिफर लिएर जाने गरेको बताउँछन् । उनले भने, ‘चितवनमा विशिष्टिकृत सेवा सुरु भएसँगै बिरामीहरू यही उपचार गर्न थालेका छन् ।’ सरकारी र निजी क्षेत्र दुवैमा उच्चस्तरका उपकरण, दक्ष जनशक्ति र चुस्त व्यवस्थापनका कारण यहाँ सबै खालको उपचार सम्भव हुँदै गएको उनी बताउँछन् । भरतपुर आँखा अस्पताल आँखा उपचारमा विशिष्टिकृत बन्दै गएपछि यहाँको आँखा उपचार सेवा पनि राम्रो बनेको छ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र सिएमसी क्यान्सर इन्स्टिच्युटमा बोनम्यरो प्रत्यारोपण बाहेकका सबैखाले उपचार हुने गरेका छन् । देशको मध्यभागमा पर्ने र यातायातको सहजताले पनि यहाँ देशैभरिबाट बिरामी उपचारका लागि आउने गर्दछन् । छिमेकी जिल्लाबाट यसअघि काठमाडौँ जाने गरेका बिरामी पछिल्ला दिनमा यहाँ आउने गरेका छन् । स्वास्थ्य बिमाको सुविधा यहाँका ठूला अस्पतालमा हुँदा बिरामीलाई उपचारमा सहज भएको छ ।


**Invitation for Sealed Quotation**

**Dhanapalthan Rural Municipality**

**Office of Rural Municipal Executive**

**Sorabhag, Morang Morang**

**Invitation for Sealed Quotation for the procurement of Supply and Delivery Of Medicine for basic and emergency health services**

**Sealed Quotation No: DPTRM/SBG/SQ/GOODS-03/081/82**

**Date of Publication: 13-09-2024**

1. The Dhanapalihan Rural Municipality, Sorabhag, Morang invites sealed quotations from registered Suppliers for the Supply and Delivery Of Medicine for basic and emergency health services.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Dhanapalthan Rural Municipality, Sorabhag, Morang Morang. 9800979998,, dhanapalthanmun@gmail.com.
   OR
   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Dhanapalthan Rural Municipality, Sorabhag, Morang Dhanapalthan Rural Municipality, Sorabhag. Morang Morang and the office Dhanapalthan Rural Municipality, Sorabhag, Morang Dhanapalthan Rural Municipality, Sorabhag, Morang Morang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.0 till 29-09-2024 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **i. Name of the Bank: Nepal Investment Mega Bank Ltd.**
   **ii. Name of Office Dhanapalthan Rural Municipality, Sorabhag, Morang**
   **iii. Office Code no: iv. Office Account No:29501400000048**
   **v. Rajaswa (revenue) Shirshak No:**
5. Sealed bids must be submitted to the office Dhanapalthan Rural Municipality, Sorabhag, Morang Dhanapalthan Rural Municipality, Sorabhag. Morang Morang by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 29-09-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29-09-2024 14:00 at the office of Dhanapalthan Rural Municipality, Sorabhag, Morang, Koshi Pradesh Nepal.Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 55000, which shall be valid for 30 days beyond the validity period of the bid (ise. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[29501400000024] at [Nepal Investment Mega Bank Ltd., Dhanapalthan Rural Municipality, Sorabhag, Morang Dhanapalthan Rural Municipality, Sorabhag, Morang, Koshi Pradesh Nepal] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.


# जहाँ विद्यार्थीले एकआपसमा कपाल काट्छन्

■ सौर्य समाचार

दाङ । गाउँमा कपाल काटिदिने कोही पनि छैनन् । कपाल काट्न सक्ने जनशक्ति सबै रोगजारको सिलसिलामा देश बाहिर छन् । पछिल्लो समय विद्यार्थी कपाल नकाटेर विद्यालय आउन थालेपछि तुलसीपुर उपमहानगरपालिका-१९ स्थित नवजागरण माध्यमिक विद्यालय कुटिचौरका प्रधानाध्यापक टंक केसीले आफैँ विद्यार्थीको कपाल काट्न सुरु गरे । सुरु-सुरुमा आफैंले कपाल काटिदिने गरेसँगै उनले बिस्तारै विद्यार्थीलाई कपाल काट्न सिकाए । अहिले विद्यार्थीहरूले एकअर्काको कपाल काटिदिने गरेका प्रअ केसीले बताए । ‘सुरु-सुरुमा शिक्षकहरूले विद्यार्थीको कपाल काटिदियौं’, उनले भने, ‘पछि विद्यार्थीलाई सिकायौँ, अहिले उनीहरूले एकअर्काको कपाल काटिदिने गर्छन् ।’

प्रअ केसीका अनुसार दैनिक ७ देखि १० जनाको यसरी विद्यालयमा कपाल काट्ने गरिएको छ । यसले विद्यार्थीमा सरसफाइको बानी विकास हुनाका साथै सीप विकास पनि हुने अपेक्षा गरिएको उनले बताए । उनका अनुसार विद्यार्थीको कपाल काट्न मेसिनको व्यवस्था गरिएको भन्दै सोही मेसिनद्वारा कपाल काट्दा प्रविधिमा समेत केही ज्ञान हासिल हुने विश्वास लिइएको उनले उल्लेख गरे । ‘गाउँमा कपाल काटिदिने जनशक्तिको अभाव छ, न्यून आय भएका विद्यार्थी यस विद्यालयमा अध्ययन गर्ने भएकाले बजार गएर कपाल काट्न पनि सक्दैनन्’, प्रअ केसीले भने, ‘त्यसैले हामीले विद्यालयमा कपाल काटिदिने गरेका छौँ ।’ लामो कपाल हुँदा विद्यार्थीलाई असहज हुने र सरसफाइ पनि नहुने भएकाले यस्तो कार्यको सुरुआत गरिएको उनले बताए ।

यो कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने योजनामा विद्यालय प्रशासन रहेको प्रअ केसीले जानकारी दिए । विद्यालयले किताबी ज्ञान मात्रै नभई आधारभूत सीप पनि सिकाउनुपर्ने भन्दै विद्यार्थीको आवश्यकता अनुसार कपाल काट्ने सीप सिकाइएको उनले बताए । यस्ता सीपले विद्यार्थीको जीवन निर्वाहमा सहज बनाउने उनको बुझाइ छ ।

‘हामीले विद्यार्थीलाई किताबी ज्ञान मात्रै होइन्, आधारभूत सीप पनि दिनुपर्छ’, प्रअ केसीले भने, ‘यस्ता सीपले विद्यार्थीलाई जीवन निर्वाहमा पनि सहज बनाउने गर्छ ।’ आवश्यकताअनुसार अन्य सीप पनि सिकाउने योजना बनाइएको उनले उल्लेख गरे । यो सीप सिकेर प्रयोग गर्न थालेपछि विद्यार्थी र अभिभावक पनि खुसी छन् । कक्षा १० सम्म सञ्चालित उक्त विद्यालयमा ३५० विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा अहिले कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यममा पठनपाठन हुँदै आएको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# कतारमा तरकारी निर्यात : कति दिगो होला ?

नेपालमा उत्पादित ताजा तरकारी कतारमा निर्यात गर्न थालिएको छ। काठमाडौँको दक्षिणकाली क्षेत्रमा उत्पादित ताजा तरकारी बिहीबारदेखि कतार निर्यात सुरु गरिएको हो। दक्षिणकाली नगरपालिकाका मेयर मोहन बस्नेतका अनुसार चाइना फाउन्डेसनले नेपालस्थित कतारका राजदूतसँग समन्वय गरी ताजा तरकारी निर्यातको मार्गप्रसस्त गरेका हुन्। नेपालीहरूको सघन बसोबास भएका देशहरूमा ताजा तरकारी निर्यात गर्ने प्रयास सरकारले धेरै वर्षदेखि गर्दै आएको थियो, तर उनीहरूले तोकेको गुणस्तर अनुसारको तरकारी नेपाली किसानले उत्पादन गर्न नसकेका कारण निर्यात संभव भइरहेको थिएन। यसै समस्यालाई मध्यनजर गर्दै चिनियाँ गैरसरकारी संस्था चाइना फाउन्डेसन फर रुलर डेभलपमेन्टले नेपाली किसानलाई गुणस्तरीय तरकारी खेतीका लागि केही वर्षदेखि फिल्डमै प्रशिक्षण दिन सुरु गरेको थियो। यसका लागि नमुनाका रूपमा फाउन्डेसनले काठमाडौँ उपत्यकाका दक्षिणकाली र तारकेश्वर क्षेत्र रोजेको थियो। दुर्गम भेकमा शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा काम गर्दै आएको चाइना फाउन्डेसनले ताजा तरकारी विदेश निर्यात गर्नसके किसानको आर्थिक समृद्धि छिटो हुने सुझाव नेपाल सरकारलाई दिएको थियो। यसका लागि आर्थिक, प्राविधिक तथा बिक्री वितरणका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएको थियो। बिहीबार कतार पठाइएका २ हजार केजी तरकारीमा रातो चेरी मिर्च खुर्सानी (अकबरे), फ्ल्याट बिन्स र करेला लगायतका रहेका छन्।

हरेक वर्ष अर्बौं रुपैयाँको ताजा तरकारी आयात गर्दै आएको नेपालले सानो परिमाणमा भए पनि कतारजस्तो विकसित देशमा निर्यात गर्ने अवसर पाउनु आशाजनक संकेत हो। तर खुसी प्रकट गरिहाल्नुपर्ने अवस्था छैन। पहिलो कुरा त यो सुरुआतलाई के कसरी निरन्तरता दिन सकिन्छ ? निर्यातका लागि गुणस्तर कायम गर्न नेपाली किसानले सक्छन् कि सक्दैनन् ? भन्ने चुनौती छ। विगतमा पनि निर्यात थालनी हुने तर गुणस्तर कायम हुन नसकेका कारण बन्द हुने सिलसिला चलेको थियो। विकसित देशमा उपभोग हुने तरकारीको गुणस्तर कायम गर्न किसानको आर्थिक लगानी पनि ठूलै हुन्छ, लगानी अनुसारको मूल्य पाउन सकेनन् भने किसानले गुणस्तरीय उत्पादनलाई निरन्तरता दिन सक्दैनन्। विश्वकै उत्कृष्ट तरकारी फर्महरूसँग गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गर्न नेपाली किसानलाई सहज छैन। उदाहरणका लागि भारतको मुम्बइबाट पानीजहाजमै भारतको तरकारी खाडी मुलुक जाने गर्छ। नेपालले खाडी मुलुकमा तरकारी पठाउन हवाई जहाजको प्रयोग गर्नुपर्ने वाध्यता छ। यो कहालीलाग्दो ढुवानी लागतका कारण पनि नेपालको ताजा तरकारी विकसित देशहरूमा निर्यात गर्न जटिल हुँदै आएको छ।

कतार, दुबई, साउदी अरब लगायतका खाडी देशहरूमा २० लाखभन्दा बढी नेपालीहरू बसोबास गर्छन्। यो संख्या भनेको राजधानी काठमाडौँ उपत्यकाको करिब आधा जनसंख्या बराबर हो। राजधानी काठमाडौँ उपत्यकामा जति तरकारी खपत हुन्छ त्यसको आधा तरकारी खाडी क्षेत्रमा बस्ने नेपालीहरूले नै खपत गर्छन्। त्यति मात्रै होइन मलेसिया, बेलायत, जापान लगायतका केही देशहरूमा पनि ठूलो संख्यामा नेपालीहरू छन्। त्यहाँ पनि नेपालीलाई लक्षित गरेर तरकारी निर्यात गर्न सकिन्छ। तर, यसका लागि सरकारी स्तरमा कुराकानी अघि बढाउन नेपालका नीति निर्माण तहमा रहनेहरू असफल हुँदै आएका छन्। उदाहरणका लागि अहिले चाइना फाउन्डेसनले सिधै कतारसँग कुरा मिलाइदिएका कारण निर्यात संभव भएको हो। विश्वका विकसित देशहरूले मूल्यलाई भन्दा गुणस्तरलाई बढी प्राथमिकता दिने भएकोले हवाई मार्गबाटै भए पनि नेपालको तरकारी विदेश निर्यात हुनसक्ने संभावना नरहेको होइन, तर यसका लागि स्थायी र संस्थागत किसान तथा कृषि फर्महरू तयार गर्नुपर्छ। भारतबाट निर्वाध रूपमा तरकारी आयात हुने गरेका कारण नेपालमा स्थायी र संस्थागत किसान तथा कृषि फर्महरू तयार हुन सकिरहेको छैन। भारतबाट निर्वाध रूपमा तरकारी आयात हुने सिलसिला जारी रहँदासम्म नेपालमा व्यावसायिक तरकारी उत्पादनका लागि कृषि फर्ममा लगानी हुने संभावना कमजोर देखिन्छ।

## भदौ २८ गतेको राशिफल

| | |
|---|---|
| मेष | राज्यवाट दुःख। |
| वृष | मानसिक चिन्ता बढने। |
| मिथुन | व्यापारमा लाभ। |
| कर्कट | आनन्द प्राप्त। |
| सिंह | मनमा अशान्त। |
| कन्या | भय बढने। |
| तुला | मनमा प्रसन्न बढने। |
| वृश्चिक | कार्यमा ढिलासुस्ती। |
| धनु | आटेका काम पूरा हुने। |
| मकर | डरत्रास बढने। |
| कुम्भ | व्यापारमा लाभ। |
| मीन | राज्यपक्ष्यवाट सम्मान। |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# दलितका आँसुमा दुनो सोझ्याउनेहरू



धनराज वास्तविक

नेपालको लोकतान्त्रिक आन्दोलनका क्रममा हजारौं मानिसहरूले जीवनको आहुति दिएको इतिहास साक्षी छ। यसमा पनि सिल्पी समुदायको ठूलो हिस्साले विभेदकारी राज्य व्यवस्थाका विरूद्ध लोकतन्त्र र परिवर्तनका लागि आगो ओकलेको थियो। शिक्षा, स्वास्थ्य, रोजगारी र राज्य तहमा दलितहरूको न्यून उपस्थिति थियो। दलितहरूले आँट गरे। साहासका साथ आफ्नो समुदायमाथिको अन्याय, अत्याचार, शोषण, दमन, विभेद जस्ता अमानवीय प्रवृत्तिका विरूद्ध उभिए। यो समुदायले मूलतः नेपालका लोकतान्त्रिक आन्दोलनहरूमा आफ्नो सीप, दक्षता र क्षमताको उच्च प्रदर्शन गरेकै कारण नेपालको राज्यसत्तामा आमूल परिवर्तन भएको हो। फलस्वरूप ती आन्दोलनहरू सफल बनेको यथार्थ सत्य लुकाउन मिल्दैन। तर, बिडम्बनाको कुरो लोकतन्त्र, गणतन्त्र, संघीयता र समाजवाद हासिलका निम्ति यति ठूलो योगदान र बलिदान दिएको समुदाय संघीय राज्य संरचनामा दयादारीको पात्र बनाइएको देखियो।

दलित समुदायकै योगदानका कारण राज्यतहमा पुगेका शासकहरूले आज छोइएला जस्तो व्यवहार गरिरहेको देखिन्छ। प्रत्यक्ष निर्वाचन लड्न नदिने, मन्त्री हुन योग्यता नदेख्ने, मन्त्रिपरिषद दलितरहित बनाउने जस्ता काम 'जनयुद्ध'का कमान्डर प्रचण्ड-केपीहरूबाट निरन्तर भइरहेको कुरा घामजस्तै छ। किन यस्तो भइरहेको छ ? यसरी दलित समुदायलाई दयादारीको नजरले हेर्दा के यो समुदायमाथि न्याय हुन्छ ? कि यो देशमा दलितका दलालहरूले जे चाह्यो त्यहि हुने हो ? यस किसिमका सवालमाथि केही मन्थन गर्न जरूरी देखिन्छ।

### 'जनयुद्ध'मा दलित

खासगरी माओवादीको तत्कालीन १० वर्षे 'जनयुद्ध'का क्रममा दलित समुदायको जोडदार उस्थिति, योगदान र बलिदान रहेको थियो। त्यसपूर्वका आन्दोलन र क्रान्तिमा पनि दलित समुदायको योगदान र उपस्थिति नभएको भने होइन। पंक्तिकारले नै भोगेको/लडेको 'जनयुद्ध'मा राज्यतर्फबाट दलित भएकै कारण मारिनु परेको दृश्य ताजै छन्। मुक्ति आन्दोलनमा होमिएका दलितहरूमाथि तत्कालिन शाही सेनाले गरेको अत्याचार, दमन, उत्पीडन र हत्या सामान्य अपराध थिएन।

आज केही मान्छेहरूले माओवादीको तत्कालिन 'जनयुद्ध'लाई लिएर तल्लो तहको टिप्पणी गरेको सुनिन्छ। विश्वको राजनीतिक इतिहासलाई हेर्दा माओवादीको 'जनयुद्ध' र दोस्रो जनआन्दोलन जत्तिको क्रान्तिकारी, जनसहभागिता र प्रभावशाली आन्दोलन अन्यत्र कतै भएको देखिँदैन। जनताहरूको उपस्थिति र क्षतिका हिसाबले हाम्रो मुलुकमा सम्पन्न क्रान्तिहरू विश्वकै लागि नमुना हुन्। खैर, माओवादीद्वारा 'जनयुद्ध' किन गरियो ? के कारण मानिसहरू मर्न र मार्न बाध्य बने ? भन्ने खालका सवालहरूलाई नजरअन्दाज गर्नेहरूका निम्ति भने 'जनयुद्ध' केही थिएन होला। तर, जसले आजको परिवर्तनका निम्ति आफ्ना आफन्त गुमाएका छन्, बेपत्ता पारिएका छन्, त्यस्तो वर्ग समुदाय र परिवारका निम्ति अग्रगामी, परिवर्तनकारी र क्रान्तिकारी पक्षका निम्ति 'जनयुद्ध' महान क्रान्ति थियो। जो तत्कालिन शाही शासनका विरूद्धको संगठित, सुविचारित लडाइँ थियो। वर्गीय विभेद र असमानताका पहाडहरू भत्काउनका निम्ति त्यो लडाइँ थियो। उक्त क्रान्तिका क्रममा राज्यले जात र क्षेत्रका आधारमा जनतालाई विभाजन गरेर अत्याचार गरेको थियो।

खैर, आज जसले जे सुकै भने तापनि माओवादीको तत्कालीन 'जनयुद्ध'ले मानवीय चेतनामा गुणात्मक परिवर्तन ल्याएकै हो। तर, मूलभूत दलित समुदाय, महिला, जनजाति, कर्णाली, मधेसी समुदायका जनताको जीवनदशा परिवर्तन गर्न सकेन। तत्कालीन युद्धले हली, गोठाला, बालीघरे दमाइ दाइहरूले हतियार उठाएर आफ्नो अधिकारका निम्ति बन्दुक बोक्न सक्छन् भन्ने पुष्टि गरेको थियो। जसको प्रभावका तरंगहरू आज पनि शान्त बनिसकेका छैनन्। बरू आज कसैले दलितलाई निम्छरो भाषा, शब्दको प्रयोग गरेर हेपेको खण्डमा जातीय छुवाछुतको कसुर लगाउन कानुनी बाटो समात्न पुग्ने चेतना विकास भएको छ।

### राज्यबाटै विभेद

कुनै बंशमा जन्मेकै कारण ठूलो र सानो देख्ने, ठान्ने सामुदायिक संरचना यथावत छ। हाम्रो समाज यस खालको जडतामा बाँचिरहेको छ। यथास्थितिवादी, परम्परावादी र संस्कृतिको नाममा मानिसको जन्मजात सानो र ठूलो हुने कुरा असली संस्कृतिले स्वीकार गर्दैन। तर, हाम्रोमा यसैलाई नै संस्कृति मान्ने भ्रम छ। यो भ्रमको जालो च्यात्नका निम्ति दलितहरूले प्रयास नगरेका भने छैनन्/होइनन्। आज पनि यसका विरूद्ध दलित अगुवाहरू उभिरहेकै छन्। तर, एकतावद्ध भएर दलित समुदाय आन्दोलनमा होमिएको भने देखिदैन। यसको एक उदाहरण हुन् खगेन्द्र सुनार। उनी अहिले **'खोइ दलित ?'** भन्दै माइतीघरमा फलामे साँग्लोले बेरिएर उभिने गरेको देखिन्छ। उनको एक्लो प्रयासले दलित हेपिएको, अन्यायमा परेको र पारिएको सन्देश दिने बाहेक अर्को काम गर्छ भन्ने आधार देखिँदैन। वैचारिक स्पष्टता बिनाका कुनै पनि आन्दोलनले परिणाम हात पार्दैनन् भन्ने कुरा खगेन्द्रलाई थाहा हुनुपर्छ।

उनले दलित समुदायका नेताहरूको सहकार्यमा यो आन्दोलन सुरू गरेका हुन्थे भने वर्तमान केपी ओली सरकारको मन्त्री परिषद्मा दलित समुदायको प्रतिनिधित्व हुनेगरी आन्दोलन हुनसक्थ्यो। र बाँकी दिनमा दलित समुदायको अनिवार्य उपस्थितिको ग्यारेन्टी हुनसक्थ्यो। यसरी हेर्दा दलित समुदायले आफ्नो नेता नजन्माएको पनि होइन। तर, छिन्नभिन्न छन्। आपसमा एकतावद्ध भएर एउटै पंक्तिमा उभिन दलितहरूलाई किन र कसले रोकेको छ ? यो सवालमाथि विचार विमर्श हुन जरूरी छ।

भन्दाखेरी दलितहरूको योगदानकै कारण 'जनयुद्ध' सफल बनेको बताउने, दलित उत्पीडन, विभेद, अन्याय, अत्याचार र अमानवीय व्यवहारका विरूद्ध भाषण गरेर नथाक्ने प्रचण्डहरू सबैभन्दा ठूलो दलितका दलाल हुन्। दलितको नाम बेचर राजनीति गरिरहेका प्रचण्डहरूले आफ्नो मन्त्री परिषद्मा दलित समुदायको प्रतिनिधित्वसमेत नगरेको स्थिति हामीले नै देख्न पायौं। एनजिओ र आइएनजिओ मात्र होइन, यहाँ प्रगतिशील भनिएका कम्युनिस्टहरूले दलितका नाममा राजनीति गरिरहेका छन्। दलितका पीडा, दुःख, दर्द बेचर राजनीति गरिरहेका छन्। पछिल्लो समयमा त दलितलाई दयादारीको नजरले हेर्न थालिएको छ। यो दलित समुदायमाथिको अर्को विभेदको सुरूआती हो। राज्यको संरचना नै दलित मैत्री छैन। दलित समुदायप्रति राज्यको नियत नै खराब छ। विभेद, उत्पीडन, अन्याय, अत्यचारमा परेको दलित समुदायको घाउमा राज्यले नुनचुक छर्किने काम गरिरहेको छ। राज्यबाटै सीमाहीन विभेद हुनु सामान्य अन्याय होइन।

अन्त्यमा, दलितका आँसु बेचर खानेहरू, दलित समुदायले भोगिरहेको अन्याय, अत्याचार, दमन, शोषण, विभेद अपमानजस्ता अमानवीय कुराहरू उठाएर आफ्नो दुनो सोझ्याउनेहरू दलितका सबैभन्दा ठूला दलाल हुन्। गैरसरकारी संस्थाको नाममा होउन् कि सरकारी नामका, यस्ता संस्था र संगठनहरूले दलितहरूको नाममा आफ्नो भलाइ गर्ने कामबाहेक अर्को काम गरिरहेका छैनन्। सामाजिक जीवनमा क्रान्तिकारी संस्कृतिको सुरूआत नभएसम्म परिवर्तनको प्रत्याभूति गुञ्जाएस हुन सक्दैन। क्रान्तिकारी संस्कृति र राजनीति एउटै सिक्काका २ पाटा हुन्। एकको अभावमा अर्काको अर्थ, अस्तित्व र अमरत्व रहन्न। मूलतः आजको राज्यले दलित, महिला, जनजाति, मधेसी र कर्णालीका जनताको जीवनस्तरको समृद्धीकरण गर्ने, राष्ट्र निर्माणको सशक्तीकरण, विधिको परिपालना र सबलीकरण, समाजिक रूपान्तरण, अनुशासित समाज तथा समतामूलक र न्यायमूलक समाजवादी व्यवस्थाले मात्रै सांस्कृतिक रूपान्तरण गर्नसक्छ। साथै आजको समाज समाजवादको यात्रातर्फ उन्मुख हुनुको विकल्प छैन।

# हुस्सुमान एमाले



प्राडा बद्रीविशाल पोखरेल

झट्ट हेर्दा लेखकमाथि खतबात लाग्ने यस लेख माओवादी, एमाले र नेपाली कांग्रेस पार्टीका कमजोरीमा केन्द्रित छ। पूर्वमाओवादी, पूर्वएमालेका रूपमा चिनिएका हाल विश्लेषक भनेर बहुप्रचारित तथानामे विचारकलाई पनि कन्सिरी नै तात्ने गरी चटनी चटाउनु पनि छ। पहिले माओवादी पार्टीबाट यस लेखको उठान गरौं।

सार्वभौम र सार्वकालिक दर्शनिक, सैद्धान्तिक, सांगठनिक र सिर्जनाका कारण मार्क्सवाद वाद बनेको हो। कसैले बनाएर वाद बन्दैन। तर चिनियाँ समग्र विशेषतामा आधारित विचारलाई माओवाद भन्नु नै सरासर अबुझपना हो। यसरी नै हचुवातालले भनेको भए जुछेवाद, किमिलसुङवाद, मदनवाद भन्न सकिन्थ्यो होला। स्वयं मार्क्सले मार्क्सवाद नभन्न सुझाउनुभएको थियो। तर, यहाँ त प्रचण्डपथ भन्दै व्यक्तिको गर्नु देवत्वकरण गरियो। देशमा अरू अपार धन र जनको संहार भएको भए प्रचण्डवाद पनि भन्न सक्थे होलान्। मैले त सुरुदेखि नै सुनिश्चित र सुविचारित सिद्धान्त र विचारबिनाको कथित पार्टी ठानेको हो माओवादीलाई। पिँध भनेको कुनै पनि पार्टीको दूरदर्शी विचार र दृष्टिकोण नै हो। यो लेखकले माओवादीलाई पिँधबिनाको लोटा ठानेको हो, र छ।

'जता मल्खु उतै ढल्कु' भनेझैँ जता जेभन्दा आफू र आफन्तको हित हुन्छ त्यही भन्ने गर्ने चरित्रहीन स्वभाव देखिन्छ। कोसी प्रदेश नामकरण पक्षमा सही छाप र ल्याप्चे लगाउने महान प्रचण्ड अहिले त्यसका विरुद्ध कडा रूपमा उत्रिएको देख्दा लाज नै लजाउँछ। यस्ता धेरै लाज, घीन र सरम पचाउन सक्ने महान् क्षमता प्रचण्डमा देखिन्छ। आजका मितिसम्म यो पार्टी 'खोदा पहाड निक्ला चुहा'को अवस्थामा देखिन्छ। अनेक खालका सामाजिक भेदभाव, उपेक्षा र अपमानका विरुद्ध जागरण अभियान र आन्दोलनबाट सुधार गर्न सकिन्छ यसका लागि रगतको खोलो बगाउनै पर्ने थिएन। पिलो चिर्न तरबार प्रयोग गर्नै पर्दैनथ्यो। यस्तै नकाम गरेर 'जनयुद्ध'का नाममा देश र जनतालाई सयवर्ष पछि धकेल्ने काम गर्नै पर्ने थिएन।

मार्क्सवादले रहर र लहडका भरमा रक्तपात मच्चाउनु कहाँ भनेको छ ? बरु सकेसम्म कमभन्दा कम क्षतिबाट समाज परिवर्तन गर्ने उच्च सोच मार्क्सवादको देखिन्छ। कुनै पनि समाज र मानिसलाई शान्तिपूर्ण रूपमा परिवर्तन गर्न सकिन्छ भने त्यसमा पटक्क कुनै ध्यान नदिई हत्तरपत्त जनताको घाँटी रेट्न हतारिनुपर्छ र ? माओले नै पनि मार्क्सवादको गहन अध्ययन गरेर मार्क्सवादी बन्नुभएको हो। राजशाही निरंकुश पञ्चायत कालमा देश र जनताका विरुद्ध कुनै खाले जागरणमूलक कोठे गोष्ठी, भेटघाट र छलफल पनि गर्न नपाउने अवस्था थियो। यसरी सबै बाटा बन्द भएका अवस्थामा झापालगायत विभिन्न ठाउँमा विद्रोह भए। तर २०५१ सालमा त धनकुटा जान पिचबाटो, ग्राबलिङ बाटो हुँदाहुँदै जानीजानी ज्यानमारा अक्कर र रागेभीरतिर हाम्फाल्नु पर्थ्यो र ?

यसरी सशस्त्र संघर्ष रहर र लहडको विषय बनाउँदा देशमा अपार धन र जनको क्षति भयो। जनयुद्ध भने पनि त्यो वास्तविकमा 'जनयुद्ध' किमार्थ थिएन। महान् जनयुद्ध थियो भने त्यसका लागि त आफैं कुर्वान हुन तयार हुनुपर्थ्यो। महान् जनयुद्धका नाइके प्रचण्डले भारतका विरुद्ध कुनै र केही काम गर्दैनौं भनेर तमसुक गरेको यस देशलाई थाहा छ। हिन्दी सिनेमा नेपालमा प्रतिबन्ध लगाउने उद्घोष गरेर आरम्भ गरेको माओवादी युद्ध भारतका विरुद्ध सुरुङ युद्ध गर्न तम्सियो। सैद्धान्तिक वैचारिक छलफल, अन्तर्किया र बहस गरेर सच्चा कम्युनिस्ट बन्न सक्ने र देशभक्त लोकतान्त्रिक बन्न सक्ने जनताको अगुवा पंक्तिलाई मर्न र मार्न उक्साइयो।

डा.बाबुराम भट्टराईको एक अडियो क्लिपबाट यसको पुष्टि हुन्छ। यो कुरा माओवादीको सहिद पंक्तिमा लामबद्ध बनौं भन्ने कथित नाराबाट स्पष्ट हुन्छ। पूर्व राजा ज्ञानेन्द्रसित मिलेर नेपालका प्रमुख पार्टीलाई निषेध गर्ने प्रचण्डको प्रस्तावबाट ज्ञानेन्द्र नै झस्केका थिए। प्रमुख पार्टीलाई निषेध गर्ने प्रचण्डले आफूलाई के बाँकी राख्ला भन्ने ज्ञानेन्द्रलाई परेपछि उक्त सहमति टरेको रहेछ। आफ्नै राजनीतिक गुरु मोहन वैद्यलाई कित्रिम मुद्दा उठाएर पार्टीगत उपल्लो हैसियतबाट घटुवा गरेर पद हडप्ने चिन्तन, चरित्र र सिद्धान्तका धनी हुन् प्रचण्ड।

उतिबेला प्रचण्डले प्रतिक्रियावादी प्रजातन्त्र र साम्राज्यवादी बहुदल भनेकै हुन्। ५ हजारचाहिँ मैले मारेको भनेर खुल्ला उद्घोष उनैले गरेका हुन्। फरक मत राखेकै कारण बाबुरामको ज्यान लिन तयार पनि प्रचण्ड भएकै हुन्। २०६२/०६३ को सम्झौताका विरुद्ध बन्दुक उठाउन कार्यकर्तालाई उक्साउने पनि उनै हुन्। जातैपिच्छे राज्य बाँड्दै हिँड्ने र जातीय भड्काउ आन्दोलन गरेर देशलाई गृहयुद्धमा धकेल्न उद्यत प्रचण्ड नै हुन्। कथित जनयुद्धको नामबाट निरपराध र निर्दोष जनताको अगुवा तह र तप्कालाई छाला काढेर, हातखुट्टा भाँचेर, उँधोमुण्टो पारेर र परिवारका सामु घाँटी रेटेर निर्मम हत्या गर्ने र गराउने प्रचण्ड नै क्रूरतम नरसंहारी गतिविधिलाई उत्साहित गर्ने पनि उनै हुन्। त्यसैले प्रधानमन्त्री हुँदा जबर्जस्ती रूपमा 'जनयुद्ध' दिवस मनाउने निर्णय गरे।

सीमान्तीकृत तथा भुइँ तहका जनताको हितलाई सर्वोपरि राख्छु भन्ने प्रचण्ड आफ्ना नाता, गोता र भएभरका आफन्तलाई मात्रै मन्त्री, माननीयलगायत कुस्त सेवा सुविधा प्रदान गरेकै हुन्। बारबार परीक्षित हुँदा गर्दा भरपर्दा नदेखिए पनि एमाले र ओलीले उनलाई सुध्रने अन्तिम मौका दिएका थिए, तर पुर्खाहरूले भनेझैं गुहु पुछेको टालो काम लागेन। सिद्धान्तका आधारमा चुनौती दिने अवस्था नरहेपछि नेपालीलाई बन्दुके धमास र धम्की प्रचण्डले दिइरहेका छन्। कलम भए कलम अगाडि सर्थ्योहोला नभए पनि ठुटेकलमलाई नै उनी झट्टी प्रयोग गरिरहेका छन्।

सारमा प्रचण्ड देश र जनताका हितमा अहिले पनि छैनन्। उल्टो देशलाई भड्खालमा हाल्न उनी उद्यत देखिन्छन्। तर प्रचण्डका पछि लाग्ने सिधासादा, इमानदार नेता र कार्यकर्ताप्रति कुनै गुनासो छैन तर अहिले पनि दुई खुट्टा टेक्ने मानिसले उनैको पुच्छर हुनुचाहिँ किमार्थ सुहाएन। माओवादी नामको हत्या र हिंसाका लहरका कारणले गाउँ वस्ती खाली भए र माओवादीबाट ज्यान जोगाउन बाध्यताबस अत्यधिक नेपाली युवा बिदेसिए।

सबै खालका यतिविध्न दुर्दशा र चरम दयनीय अवस्था देखेर पनि उहिल्यैदेखि प्रचण्डका पछिपछि लागेर विध्नै खालको पछुतो गर्नेहरूमा पूर्व माओवादीका सचेत राजनीतिक प्राणीको कुरा देख्दा र सुन्दा भारी आश्चर्य र उदेक लाग्छ। अन्तर्राष्ट्रिय स्तरका विविधि विषयको विश्लेषण गर्ने भरत दाहाल नेपालको सन्दर्भमा एकलकाँटे, चरम आग्रही र द्वेषयुक्त विचार प्रवाह गर्छन्। कसैका पनि सकार पटक्क नदेख्ने दाहालमा उग्रवाद अहिले पनि व्याप्त देखिन्छ। उग्रवाद चरम दक्षिणपन्थी अवसरवादको गर्तमा जाकिन्छ भन्ने उदाहरण राजतन्त्र चाहने दाहालसित ठ्याम्मै मिल्छ।

जनताको घाँटी रेटेर साम्यवाद ल्याउन आतुर भई प्रचण्डका पछिपछि आँखा चिम्लेर लागेर पछुताउने मुमाराम खनालको शुद्धिबुद्धि यसै थाहा हुन्छ। उनी अहिले फुर्सदमा खुब पछुतो गरिरहेका छन्। अब पनि प्रचण्डका पछि लाग्नेहरू अरू धेरै पछुताउने दिन धेरै टाढा छैन। ओलीको आवश्यकता अनुसारको लामो अभिव्यक्तिलाई बकम्फुसे गफ झैँ ठान्ने खनाल ओलीको बहुआयामिक बौद्धिकताका अगाडि साह्रै विरीह बबुरा प्राणी हुन्। अर्का बरिष्ट वकिल छन् प्राडा युवराज संग्रौला जो टिके प्रधानमन्त्री बनाउन विगतमा ज्युज्यान दिएर लागे। उनले देशमा अस्थिरता र भारी अन्यौलमा देशलाई पुऱ्याउन न्वारानदेखिको बल लगाएकै हुन्। यस्ता विकाउ कालाकोटहरू नै देशलाई खरानी पार्न उद्यत देखिए।

अर्का खतिवडा थरि पूर्वएमाले छन्। पेरुभियाली गोन्जालो पथका उग्रवादी युवा धङधडीसहित उनी एमाले प्रवेश गरेका थिए तर उनी एमाले र ओलीविरुद्ध तथानामे विरोध मात्र होइन मार्क्सवादविरुद्ध नै जेहाद छेडिरहेका छन्। उग्रवादको पतनको यो एउटा ज्वलन्त उदाहरण हो। तर, एमाले देश र जनताका हितमा नमुना काम गरेको पार्टी हो। अरू कुनै पार्टीभन्दा यही पार्टीले देश र जनताका हितमा काम गर्छ भन्ने विश्वास कामबाट नै देखाएको थियो र छ। बारबार जनताबाट परीक्षित यो पार्टी सैद्धान्तिक दृष्टिले अत्यन्त उत्कृष्ट छ। बरु यसले तय गरेको जबज सिद्धान्तअनुसार अझै काम धेरै मिहिनेत गर्नुपर्छ। र त्यसका लागि पार्टीलाई शुद्धीकरण र सुदृढीकरण नगरी हुँदैन। नौ महिने जनताको मन जित्ने नमुना सरकार र ओली नेतृत्वको सरकारले गरेका देश र जनताको सर्वोपरि हितका कामहरू अत्यन्त सकारात्मक उल्लेखनीय छन्।

तर स्यालहुइयाँले ती कामहरू ओझेल पार्न खोजेको देखिन्छ। यसका विरुद्ध मेची-काली सिर्जनात्मक जागरण अभियान सुरु गर्ने हो देशी विदेशी स्यालहरू तत्काल थला पर्छन्। एमाले एउटै ताल, सुर र लयमा हिँड्ने हो भने एमाले विरुद्धका तथानामे प्रतिक्रियाहरू तुरुन्तै सेलाउँछन्। आफ्ना देश जनताका हितका उल्लेखनीय नमुना कामहरू लोली मिलाएर भन्न नसक्नु एमाले भित्रको हुस्सुपना हो। सत्य स्थापित गर्नुपर्छ भन्ने पनि नबुझ्नेलाई हुस्सुमान भन्दा हुन्छ। मदनले झैँ बरव्यवहार र सामाजिक सम्बन्ध निकट हुनुपर्छ कुरा काटेकै आधारमा मान्छे काट्नेजस्तो कथित जनयुद्ध गरेझैँ गर्न हुन्न तर सैद्धान्तिक वैचारिक र देश जनताका हितको विकास निर्माणका कामका बारेमा निर्मम बहस गर्नुपर्छ। माओले भनेझैँ आलोचना पनि तीखै गर्नुपर्छ। पार्टी र मोर्चा संगठनहरू दृढ इच्छा शक्तिका साथ लागिपर्ने हो भने एमालेले गरेका सबै कामहरू आम जनसमक्ष छर्लंग पार्न सकिन्छ।

नेपालको संविधान (२०७२) तयार गर्न र यसलाई जारी गर्न एमालेले निर्वाह गरेको भूमिका र योगदान स्वर्णाक्षरले लेख्न लायक छ। यो संविधान जारी नभएको र जारी भए पछिका तमाम भड्काउ हर्कतलाई वैचारिक अभियानमार्फत् निस्तेज गरिएको थियो। यसो नगरिएको भए यो देशको अस्तित्व नै गम्भीर संकटमा पर्थ्यो। नेपालको तराई र मधेसभरि अपने अगनियाँ मे होगइल परदेशिया, अर्थात् हामी आफ्नै घर आँगनमा परदेशी हुने भयौं। अब हामी तराईबासी सबैलाई नेपालबाट खेदिन्छ भन्ने प्रलाप एमालेकै कारण असफल पारिएको थियो।

# लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०५/२८)

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्यौंट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्वन्धित सवै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी लगायत सम्वन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

## तपसिल

### ऋणी तथा जमानतकर्ताको विवरण

**शाखा कार्यालयः महेन्द्रनगर, कञ्चनपुर**

**१. ऋणीको नाम :** धर्म देव चटौतको नाती, खग राज चटौतको छोरा, डडेल्धुरा जिल्ला भागेश्वर गा.वि.स. वडा नं. ०५ भई हाल भिमदत्त न.पा. वडा नं.१० बस्ने **शान्ती भुषण चटौत** (ना.प्र.नं. ५३ जि.प्र.का. डडेल्धुरा जारी मिति २०५४/०३/१२)

**व्यक्तिगत जमानतकर्ता :*** खग राज चटौतको बुहारी, शान्ती भुषण चटौतको पत्नी डडेल्धुरा जिल्ला बेलापुर गा.वि.स. वडा नं. ०८ भई हाल भिमदत्त न.पा. वडा नं. १० बस्ने **तुलसी कुमारी अवस्थी** (ना.प्र.नं. ६७९ जि.प्र.का. डडेल्धुरा जारी मिति २०५९/०६/०२ )

**धितो सुरक्षणको विवरण :** ऋणी तथा धितो जमानतकर्ता **शान्ती भुषण चटौत**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १० स्थित कित्ता नं. ११९८ को क्षेत्रफल ३४० व.मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः लाहान, सिरहा**

**१. ऋणी तथा व्यक्तिगत जमानतकर्ताको विवरण :** विलट यादवको नाति, गुलाई यादवको छोरा, सिरहा जिल्ला बेल्हा गा.वि.स.वडा नं. ०९ भई हाल लहान न.पा. वडा नं. ०४ बस्ने **राम शकंर यादव** (ना.प्र.नं.२९५३/१००७ जि.प्र.का सिरहा जारी मिति २०५३/२/२२) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ताको विवरण :*** गुलाई यादवको बुहारी, राम शकंर यादवको पत्नी, सिरहा जिल्ला कल्याणपुर न.पा./गा.बि.स. वडा नं.१२ भई हाल लहान न.पा. वडा नं. ४, बस्ने **शान्ती देवी यादव** (ना.प्र.नं.१५-०१-७५-०६२५२ जि.प्र.का सिरहा जारी मिति २०७५/०५/३१ )

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शान्ति देवी यादव**को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला लाहान बजार गा.वि.स वडा नं. ०७ क स्थित कित्ता नं. ३७५५ को क्षेत्रफल ०-०-६-० (कि.क.धु.क) मा भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : राजविराज, सप्तरी**

**१. ऋणी तथा धितो जमानतकर्ताको नाम :** रघुनाथ प्रसाद साहको बुहारी, अरविन्द साहको पत्नी, सिरहा जिल्ला, बडहरामाल गा.वि.स वडा नं.८, भई हाल मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. १२, बस्ने **जगतारैन कुमारी साह** (ना.प्र.नं.१५१०८८/७४५१ जि.प्र.का. सिरहा जारी मिति २०६७/०७/२५)

**व्यक्तिगत जमानतकर्ताः *** कस्तुरी साहको नाती, रघुनाथ प्रसाद साहको छोरा, सिरहा जिल्ला, बडहरामाल गा.वि.स वडा नं.८ भई हाल मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. १२, बस्ने **अरविन्द साह** (ना.प्र.नं.१६३० जि.प्र.का. सिरहा जारी मिति २०५३/०५/१२)

**धितो सुरक्षणको विवरण : ऋणी जगतारैन कुमारी साह**को नाममा मालपोत कार्यालय बिराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला बखरी न.पा./गा.वि.स. वडा नं. ५क स्थित कित्ता नं. १७६९ र १६७५ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-२-०-० (बि-क-धु), बखरी न.पा./गा.वि.स. वडा नं. ४ख स्थित कित्ता नं. १४५२ को क्षेत्रफल ०-०-११-० (बि-क-धु) तथा विराटनगर उ.म.न.पा वडा नं. ११ग स्थित कित्ता नं. २१५५ को क्षेत्रफल ०-०-५-० (बि-क-धु) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. संयुक्त ऋणीको विवरण :**

**क)** इनर साहको बुहारी, रामअसिस साहको पत्नी, सप्तरी जिल्ला, कोइलाडी न.पा. वडा नं. ८, भई हाल राजविराज न.पा. वडा नं. २, बस्ने **मालति देवी** (ना.प्र.नं.४९८८३९६१ जि.प्र.का. सप्तरी जारी मिति २०४५/०१/२९)

**ख)** इनर साहको नाती, रामअसिस साहको छोरा, सप्तरी जिल्ला, कोइलाडी न.पा. वडा नं. ८, भई हाल राजविराज न.पा. वडा नं. २, बस्ने **दिलिप कुमार साह** (ना.प्र.नं.४५८१ जि.प्र.का. सप्तरी जारी मिति २०५८/१२/०८)

**व्यक्तिगत जमानतकर्ताः*** इनर साहको नाती, रामअसिस साहको छोरा, सप्तरी जिल्ला, कोइलाडी न.पा. वडा नं. ८ भई हाल राजविराज न.पा. वडा नं. २, बस्ने **संजय कुमार साह** (ना.प्र.नं.१६१०३५/५२ जि.प्र.का. सप्तरी जारी मिति २०६४/०८/०९)

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्येको मालति देवी**को नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला चनौरा पडरिया न.पा./गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. २०२१, २०१७ र २०१९ को क्षेत्रफल क्रमशः ०-०-४-०, ०-०-०$^{१/४}$-० र ०-०-३$^{३/४}$-० (बि-क-धु) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणीको नाम :** घुदरु यादवको नाती, ऐलाई यादवको छोरा, सप्तरी जिल्ला, पकरी गा.वि.स वडा नं. ६, भई हाल राजविराज न.पा .वडा नं. ३, बस्ने **कमल प्रसाद यादव** (ना.प्र.नं.००२०१२१३ जि.प्र.का. सप्तरी जारी मिति २०४२/११/०६)

**धितो तथा व्यक्तिगत जमानतकर्ता : *** ऐलाई यादवको बुहारी, कमल प्रसाद यादवको पत्नी, सप्तरी जिल्ला, पकरी गा.वि.स वडा नं. ३, भई हाल राजविराज न.पा .वडा नं. ३, बस्ने **विना कुमारी यादव** (ना.प्र.नं.००२०५०८१ जि.प्र.का. सप्तरी जारी मिति २०४९/६/२५

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता विना कुमारी यादव**को नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा./गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ८२६ र ९०४ को क्षेत्रफल ०-०-३१/२र ०-०-११ (बि-क-धु) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः दुर्गाभगवती, रौतहट**

**१. ऋणी तथा धितो जमानतकर्ताको नाम :** दुखा साह तेलीको बुहारी, नन्दकिशोर साह तेलीको पत्नी, रौतहट जिल्ला जेठरहिया न.पा/गा.पा वडा नं. २ भई हाल यामुनामाई गा.पा. वडा नं. १ बस्ने **राधिका कुमारी देवी** (ना.प्र.नं. ३२३०१८/२१० जि.प्र.का. रौतहट जारी मिति २०६३/११/२४)

**व्यक्तिगत जमानतकर्ता :*** सुरुत साहको नाती, दुखा साह तेलीको छोरा, रौतहट जिल्ला भेडीयाही न.पा./गा.पा वडा नं. ८ भई हाल यामुनामाई गा.पा वडा नं. १ बस्ने **नन्दकिशोर साह तेली** (ना.प्र.नं. ४६४१ जि.प्र.का रौतहट जारी मिति २०५३/०३/२०)

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता राधिका कुमारी देवी**को नाममा मालपोत कार्यालय गौर, रौतहट को लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला जेठरहिया २ गा.वि.स/न.पा वडा नं. ६ क स्थित कित्ता नं. ९०५,९४५ र ९४६ को क्षेत्रफल ०-०-४, ०-०-६ र ०-०-६ (बि.क.धु) विगाहा जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः गौर, रौतहट**

**१.ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा दर्ता नं. ४२१५/३४ मिति २०७१/०५/१५ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय गौरमा पान नं. ६०२३८१३२५ भएको रौतहट जिल्ला डुमरीया परोहा गा.वि.स. वडा नं. ४, स्थित **दिव्य ईट्टा उद्योग ।**

**प्रोप्राइटरको विवरणः** खेदु चौधरी कलवारको नाती, लक्ष्मण चौधरीको छोरा रौतहट जिल्ला राजपुर फरहदवा गा.वि.स. वडा नं. १ भई हाल राजपुर न.पा. वडा नं. ५ बस्ने **गणेश प्रसाद** (ना.प्र.नं. ७६३१००२३/१०१५७ जि.प्र.का रौतहट जारी मिति २०४५/०२/२६)

**धितो तथा व्यक्तिगत जमानतकर्ताः *** लक्ष्मण चौधरीको नाती, गणेश प्रसादको छोरा, रौतहट जिल्ला राजपुर फरहदवा गा.वि.स. वडा नं. १ भई हाल राजपुर न.पा. वडा नं. ५ बस्ने **उदय प्रकाश** (ना.प्र.नं. ४४ जि.प्र.का रौतहट जारी मिति २०५२/०४/०३)

**व्यक्तिगत जमानतकर्ताहरु :***

क) लक्ष्मण चोधरीको बुहारी गणेश प्रसादको पत्नी रौतहट जिल्ला राजपुर फरहदवा गा.वि.स. वडा नं. १ भई हाल राजपुर न.पा. वडा नं. ५ बस्ने **प्रभा देवी** (ना.प्र.नं. ३२१०४६/२४३ जि.प्र.का रौतहट जारी मिति २०६३/१०/१२ )

ख) गणेश प्रसादको बुहारी उदय प्रकाशको पत्नी रौतहट जिल्ला राजपुर फरहदवा गा.वि.स. वडा नं. १ भई हाल राजपुर न.पा. वडा नं. ५ बस्ने **अर्चना देवी** (ना.प्र.नं.३२१०४६/१५५ जि.प्र.का रौतहट जारी मिति २०६३/१०/११ )

**धितो सुरक्षणको विवरण :**

१. **धितो जमानतकर्ता उदय प्रकाश**को नाममा मालपोत कार्यालय रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला राजपुर फरहदवा गा.वि.स/न.पा वडा नं. १ ख, स्थित कित्ता नं. ४०३ को क्षेत्रफल ०-०-१३ तथा राजपुर फरहदवा गा.वि.स/न.पा वडा नं. १ स्थित कित्ता नं. ३९८ को क्षेत्रफल ०-३-१२ (बि.क.धु) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

### ऋणी तथा जमानतकर्ताको विवरण

**शाखा कार्यालयः चन्द्रनिगाहपुर, रौतहट**

**१. ऋणीको नाम :** भगलु साह तेलीको नाती लक्ष्मण साह तेलीको छोरा रौतहट जिल्ला बसविटि जिंगडिया गा.वि.स. वडा नं. ८ भई हाल गरुडा न.पा. वडा नं. ८ बस्ने **रामफल साह तेली** (ना.प्र.नं.११३० जि.प्र.का रौतहट जारी मिति २०५८/०९/१६)

**व्यक्तिगत तथा धितो जमानतकर्ताः *** लक्ष्मण साह तेलीको बुहारी रामफल साह तेलीको पत्नी रौतहट जिल्ला बसविटि जिंगडिया गा.वि.स. वडा नं. ८ भई हाल गरुडा न.पा. वडा नं. ८ बस्ने **सुशिला देवी** (ना.प्र.नं.१५३९ जि.प्र.का रौतहट जारी मिति २०६१/१०/८ )

**व्यक्तिगत जमानतकर्ताः*** लक्ष्मण साह तेलीको नाती रामफल साह तेलीको छोरा रौतहट जिल्ला गरुडा न.पा. वडा नं. ११ भई हाल गरुडा न.पा. वडा नं. ८ बस्ने **सुनिल कुमार साह** (ना.प्र.नं.३२-२-७३/१२८१ जि.प्र.का रौतहट जारी मिति २०७३/१०/६)

**धितो सुरक्षणको विवरण : जग्गाधनी सुशिला देवी**को नाममा मालपोत कार्यालय गरुडाको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला रघुनाथपुर गा.वि.स/न.पा वडा नं.४ख स्थित कित्ता नं. ३९२ को क्षेत्रफल ०-०-९, (वि.क.धु) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः हेटौंडा, मकवानपुर**

**१. ऋणीको नाम :** नेपाल सरकार, उधोग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय हेटौडा, मकवानपुरमा दर्ता नं. २६७३७५/०७८/०७९ मिति २०७८/०४/२५ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय हेटौडा, मकवानपुर पान नं. ६१००५१२६३ भएको मकवानपुर जिल्ला हेटौडा उपमन.पा. वडा नं १६, स्थित **श्री एस.एण्ड आर. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि ।**

**सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताको विवरणः** खडानन्द आचार्यको नाती केदार नाथ आचार्यको छोरा मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ५ भई हाल हेटौडा उपमन.पा वडा नं. १६ बस्ने **शुरेस आचार्य** (ना.प्र.नं. ३१-०१-६९-००३७५ जि.प्र.का. मकवानपुर जारी मिति २०६९/१/१२ )

**व्यक्तिगत जमानतकर्ताः *** मुक्तीनाथ आचार्यको नाती खडानन्द आचार्यको छोरा मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. २ भई हाल हेटौडा उपमन.पा वडा नं. १६ बस्ने **केदार नाथ आचार्य** (ना.प्र.नं. १३७ जि.प्र.का मकवानपुर जारी मिति २०४१/१२/०५)

**धितो सुरक्षणको विवरण :**

१.यस बैंकको नाममा दर्ता कायम रही ऋणी **श्री एस.एण्ड आर. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि** जनिएको मोडेल KIA SONET (GTX+) च्यासिस नं. MZBFE813LMN095652 इन्जिन नं. D4FAMM295184 भएको सवारी दर्ता नं. **बागमती प्रदेश-०१-०२५ च ६११८** को भाडा/निजी सवारी साधन थान .... ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**२. ऋणी तथा धितोजमानतकर्ताको नाम :** बुद्धिमान बरैलीको नातीनी, मान बहादुर बरैलीको छोरी, मकवानपुर जिल्ला, हर्नामाडि गा वि स वडा नं. ८ भई हाल हेटौडा उ.म.न पा वडा नं. १८ बस्ने **पवित्रा बरैली** (ना.प्र.नं ५९५ जि.प्र.का मकवानपुर जारी मिति २०४५/०१/११) ।

**व्यक्तिगत जमानतकर्ताहरु :***

क ) दिल बहादुर सुनारको नाती, विष्णु लाल सुनारको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न पा. वडा नं. ६ भई हाल हेटौडा उ.म.न पा वडा नं. १८ बस्ने **विकाश सुनार** (ना.प्र.नं ३१-०१-७१-११२३७ जि.प्र.का मकवानपुर जारी मिति २०७१/१२/०३)।

ख) दिल बहादुर सुनारको नाती, विष्णु लाल सुनारको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ६ भई हाल हेटौडा उ.म.न पा वडा नं. १८ बस्ने **विकम सुनार** (ना.प्र.नं ३११०२३/८९२२२ जि.प्र.का मकवानपुर जारी मिति २०६८/०७/१८) ।

ग) चतुरमान सुनारको नाती, दिल बहादुर सुनारको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ६ भई हाल हेटौडा उ.म.न पा वडा नं. १८ बस्ने **विष्णु लाल सुनार** (ना.प्र.नं २१/०६१ जि.प्र.का मकवानपुर जारी मिति २०५१/१२/२२) ।

**धितो सुरक्षणको विवरण : ऋणी पवित्रा बरैलीको** नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.पा वडा न ६ स्थित कि.नं २१८३ को क्षेत्रफल ०-१-० बि.क.धु जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणीको नाम :** गजल सिं घर्तीको नाती, शेर बहादुर घर्तीको छोरा, मकवानपुर जिल्ला, हर्नामाडि गा वि स वडा नं. ९ भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. १८ बस्ने **तारा बहादुर घर्ती** (ना.प्र.नं २८७ जि.प्र.का मकवानपुर जारी मिति २०४४/१०/२९) ।

**व्यक्तिगत जमानतकर्ताहरु :***

क) शेर बहादुर घर्तीको बुहारी, तारा बहादुर घर्तीको पत्नी, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. २३ भई हाल हेटौडा उ.म.न.पा वडा नं. १८ बस्ने **विनु कुमारी घर्ती** (ना.प्र.नं ३१-०१-७३-०००७५) जि.प्र.का मकवानपुर जारी मिति २०७३/०१/०६) ।

ख) शेर बहादुर घर्तीको नाती, तारा बहादुर घर्तीको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. १८ भई हाल हेटौडा उ.म.न.पा वडा नं. १८ बस्ने **विपेन भुजेल** (ना.प्र.नं ३१-०१-७४-०८५१९) जि.प्र.का मकवानपुर जारी मिति २०७४/०७/१७) ।

**ग)** शेर बहादुर घर्तीको नाती, तारा बहादुर घर्तीको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. १८ बस्ने **दिपेन भुजेल** (ना.प्र.नं ३१-०१-७४-१२७११) जि.प्र.का मकवानपुर जारी मिति २०७४/१०/२९)।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता तारा बहादुर घर्तीको** नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला साबिकः हटिया गा.वि.स ४ (हाल हेटौडा उ.म.न.पा. वडा नं. १८) स्थित कि.नं २६८० को क्षेत्रफल ०-०-१५-० (बि-क-धु-क) जग्गा, सो जग्गामा बनेको घर तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः इलाम**

१. **ऋणीको नाम :** रुद्र बहादुर तामाङ्गको बुहारी, लोकेन्द्र तामाङ्गको पत्नी, डिक बहादुर गुरुङ्गको छोरी, इलाम जिल्ला, शान्तिडाँडा गा.वि्.स. वडा नं. ०९ भई हाल इलाम न.पा वडा नं. ०६ बस्ने **होम माया गुरुङ्ग** (ना.प्र.नं. ७३६११-३२३ जि.प्र.का. इलाम जारी मिति २०६०/१२/२०)

**व्यक्तिगत जमानतकर्ता** :* काजी मान तामाङ्गको नाति, रुद्र बहादुर तामाङ्गको छोरा, इलाम जिल्ला, चमैता गा.वि.स वडा नं. ०९ भई हाल इलाम न.पा वडा नं. ०६ बस्ने **लोकेन्द्र तामाङ्ग** (ना.प्र.नं. २७५४/३०७ जि.प्र.का. इलाम जारी मिति २०६०/११/२१

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता होम माया गुरुङ्ग**को नाममा मालपोत कार्यालय ईलामको लगतमा दर्ता श्रेष्ता कायम रहेका इलाम जिल्ला इलाम न.पा. वडा नं. ९ स्थित कि.नं. १८२० र १००८ को क्षेत्रफल ०-३-०-० र ०-८-०-० (रो–आ–पै–दा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः सिमारा, बारा**

**१. ऋणी तथा व्यक्तिगत जमानतकर्ता नाम :** खेनर राउतको नाती, बैजनाथ राउतको छोरा, पर्सा जिल्ला बेलवा गा.वि.स. वडा नं. ५ भई हाल बिरगंज म.न.पा. वडा नं. ३१, बस्ने **प्रमोद प्रसाद कुर्मी** (ना.प्र.नं.१०८७२५५५ जि.प्र.का पर्सा जारी मिति २०६१/०५/०१)

**धितो तथा व्यक्तिगत जमानतकर्ता : *** चन्द्रीका राउतको छोरी, खेनर राउतको बुहारी, बैजनाथ राउतको पत्नी, पर्सा जिल्ला बेल्वा वडा नं. ४ भई हाल बिरगंज.म.न.पा. वडा नं. ३१, बस्ने **सुरुज पतिया देवी कुर्मीन** (ना.प्र.नं.१०८७१५०१ जि.प्र.का पर्सा जारी मिति २०४४/११/०२)

**व्यक्तिगत जमानतकर्ताहरुः***

क) महादेव राउतको नाती, खेनर राउतको छोरा, पर्सा जिल्ला बेलवा गा.वि.स. वडा नं. ५ भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. ३१, बस्ने **बैजनाथ राउत** (ना.प्र.नं.५९० जि.प्र.का नवलपरासी जारी मिति २०४२/०२/२८)

ख) खेनर राउतको नाती, बैजनाथ राउतको छोरा, पर्सा जिल्ला बेलवा गा.वि.स. वडा नं. ५ भई हाल बिरगंज म.न.पा. वडा नं. ३१ बस्ने **संदीप कुमार पटेल** (ना.प्र.नं.३४१०१३/१०६१ जि.प्र.का पर्सा जारी मिति २०६८/०२/३१)

**धितो सुरक्षणको विवरणः धितो जमानतकर्ता सुरुजपतिया देवी कुर्मिन**को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला बेलवा प्रसौनी गा.वि.स/न.पा वडा नं. ५ स्थित कित्ता नं. ४१५, ३५५ र ३५६ को क्षेत्रफल क्रमशः ०-१-६-०, ०-०-१२-०, ०-०-२-० तथा वडा नं. ४ स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-०-६ (बि.क.धु.क) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### ऋणी तथा जमानतकर्ताको विवरण

**२. ऋणीको नाम :** बन्हु दासको छोरी, मनी चौधरीको बुहारी, रामदेव चौधरीको पत्नी, बारा जिल्ला इनर्वा सिरा न.पा./गा.बि.स. वडा नं.२, भई हाल जितपुरसिमरा उप म.न.पा. वडा नं. १९, बस्ने **शारदा देवी थरुनी** (ना.प्र.नं. १०९९५ जि.प्र.का. बारा कलैया जारी मिति २०५४/०१/२७)

**धितो तथा व्यक्तिगत जमानतकर्ताः *** झगरु चैधरीको नाति, मनी चौधरीको छोरा, बारा जिल्ला इनर्वासिरा न.पा./गा.बि.स. वडा नं.२, भई हाल जितपुरसिमरा उप म.न.पा. वडा नं. १९, मटिअरिया बस्ने **रामदेव चौधरी** (ना.प्र.नं. ३५०/०५६८ जि.प्र.का. बारा कलैया जारी मिति २०४५/०१/१६)

**व्यक्तिगत जमानतकर्ताहरु :***

क) मनी चौधरीको नाति, रामदेव चौधरीको छोरा, बारा जिल्ला इनर्वासिरा न.पा./गा.बि.स. वडा नं.२, भई हाल जितपुरसिमरा उप म.न.पा. वडा नं. १९, मटिअरिया बस्ने **दिपेश चौधरी** (ना.प्र.नं.२१२८५ जि.प्र.का. बारा जारी मिति २०६३/०४/०४)

ख) मनी चौधरीको नाति, रामदेव चौधरीको छोरा, बारा जिल्ला इनर्वासिरा न.पा./गा.बि.स. वडा नं. २, भई हाल जितपुरसिमरा उप म.न.पा. वडा नं. १९, मटिअरिया बस्ने **राजु चौधरी** (ना.प्र.नं. ३३-०१-७२-०४६६० जि.प्र.का. बारा जारी मिति २०७२/०९/०९)

ग) भगाउर गुरोको छोरी, रामदेव चौधरीको बुहारी दिपेश चौधरीको पत्नी, बारा जिल्ला इनर्वासिरा न.पा./गा.बि.स. वडा नं.२, भई हाल जितपुरसिमरा उप म.न.पा. वडा नं. १९, बस्ने **सकुन्तला चौधरी** (ना.प्र.नं.१०७५/१३६८० जि.प्र.का. बारा जारी मिति २०६८/०२/२३)

घ) किसुन चौधरीको छोरी, रामदेव चौधरीको बुहारी, राजु चौधरीको पत्नी, बारा जिल्ला जितपुरसिमरा उप म.न.पा. वडा नं. १९ बस्ने **निन्दु चौधरी** (ना.प्र.नं.३३-०१-७४-११३१४ जि.प्र.का. बारा जारी मिति २०७४/१२/०६)

**धितो सुरक्षणको विवरणः धितो जमानतकर्ता रामदेव चौधरी**को नाममा मालपोत कार्यालय जीतपुरसिमरा, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला ईनर्वासिरा गा.वि.स/न.पा वडा नं. ०२ स्थित कित्ता नं. २५७ को क्षेत्रफल ०-१-१३-६ (बि.क.धु.क) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः डुम्रे, तनहुँ**

**१. ऋणीको नाम :** ज्ञान वहादुर वि.क.को वुहारी प्रेम वहादुर वि.क.को पत्नी तनहुँ जिल्ला पुर्कोट गा.वि.स. वडा नं. ०७ भई हाल भानु न.पा. वडा नं. ०८ बस्ने **सन्तोषी वि.क.**(ना.प्र.नं.४३३०१७/७३७ जि.प्र.का तनहुँ जारी मिति २०६३/१०/१७)

**व्यक्तिगत जमानतकर्ता :*** ज्ञान वहादुर वि.क.को नातीनी प्रेम वहादुर वि.क.को छोरी तनहुँ जिल्ला भानु न.पा. वडा नं. ०८ बस्ने **शुष्मीता वि.क.** (ना.प्र.नं. ४३-०१-७७-०६९६० जि.प्र.का तनहुँ जारी मिति २०७७/१२/०३)

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता सन्तोषी वि.क.**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला पुर्कोट गा.वि.स वडा नं. १/च स्थित कित्ता नं. ७ को क्षेत्रफल ४-०–०-२ (बि.क.धु.क) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालयः दमौली, तनहुँ**

**१. ऋणीको नाम :** औषधी ऐन/अध्यादेश, २०३५ बमोजिम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय औषधि व्यवस्था विभाग कार्यालयमा मिति २०६२/०५/०२ मा र.प.नं. ३७२०३१९०८१९०७/८६३ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको, आन्तरिक राजश्व कार्यालय दमौलीमा पान नं. ३०१८६३१७७ भएको तनहुँ जिल्ला व्यास न.पा. वडा नं.०२, स्थित **सिद्धार्थ भेट फर्मा ।**

**प्रोप्राइटरको विवरणः** श्याम सुन्दर साह सुडिको नाती राम स्वरुप साह सुडीको छोरा महोत्तरी जिल्ला किसाननगर गाविस वडा नं. ०२ भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२, बस्ने **राम बाबु साह** (ना.प्र.नं.४९६१५१११ जि.प्र.का. महोत्तरी जारी मिति २०५१/०१/२६) ।

**धितो तथा व्यक्तिगत जमानतकर्ता :*** राम स्वरुप साह सुडिको वुहारी श्री राम बाबु साहको श्रीमती महोत्तरी जिल्ला किसाननगर गाविस वडा न., ०२ भई हाल तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०२, बस्ने **विभा कुमारी साह** (ना.प्र.नं.**३९६९४५६३** जि.प्र.का. महोत्तरी जारी मिति २०५५/०८/२७) ।

**धितो सुरक्षणको विवरण :**

१. **जग्गाधनी विभा कुमारी साह**को नाममा मालपोत कार्यालय महोत्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला किसाननगर गा.वि.स/न.पा वडा नं. ८ ख स्थित कित्ता नं. ४२६ को क्षेत्रफल ०-१३-० (बि.क.धु) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**शाखा कार्यालयः बिराटनगर, मोरङ्ग**

**१. ऋणीको नाम :** धर्मानन्द पौडयालको नाती, जिव लाल पौडयालको छोरा, मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. ९ भई हाल बिराटनगर म.न.पा. वडा नं. १० बस्ने **प्रकाश पौडयाल** (ना.प्र.नं.१४१३८/५७ जि.प्र.का. मोरङ्ग, जारी मिति २०५९/०७/०४)

**धितो तथा व्यक्तिगत जमानतकर्ता :*** धर्मानन्द पौडयालको बुहारी, जिव लाल पौडेलको पत्नी, मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. ९ भई हाल बिराटनगर म.न.पा. वडा नं. १० बस्ने **पवित्रा देवी पौडेल** (ना.प्र.नं.४९७११, जि.प्र.का. मोरङ्ग, जारी मिति २०३६/०९/२२)

**व्यक्तिगत जमानीकर्ताहरु :***

क) जिव लाल पौडेलको बुहारी, प्रकाश पौडयालको पत्नी, मोरङ्ग जिल्ला उर्लावारी न.पा./गा.पा./गा.वि.स. वडा नं. ६ भई हाल बिराटनगर म.न.पा. वडा नं. १० बस्ने **सुनिता दाहाल** (ना.प्र.नं.**२/२४७**, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६१/०६/०३)

ख) चन्द्र लाल पौडेलको नाती, धर्मानन्द पौडेलको छोरा, मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. ९ भई हाल मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. १० बस्ने **जिव लाल पौडेल** (ना.प्र.नं.५१२४१ जि.प्र.का. मोरङ्ग, जारी मिति २०३६/१०/०३)

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता पवित्रा देवी पौडेल**को नाममा मालपोत कार्यालय रंगेली, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला सिजुवा गा.वि.स/न.पा./गा.पा. वडा नं. ८/ ८ग स्थित कित्ता नं.४४६ को क्षेत्रफल ०-१०-२$^{१/२}$ बिगाहा जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** सिया राम कामतको छोरी, राम खेलन मण्डलको बुहारी, प्रमोद मण्डलको पत्नी, मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. १८ बस्ने **चंचल देवी मण्डल** (ना.प्र.नं.०५-०१-७५-१०६५० जि.प्र.का. मोरङ जारी मिति २०७५/११/२७ )

**व्यक्तिगत तथा धितो जमानतकर्ता :*** सिधु मण्डलको नाती, राम खेलन मण्डलको छोरा, मोरङ जिल्ला, बुधनगर गा.वि.स. वडा नं.४, भई हाल विराटनगर म.न.पा वडा नं. १८, बस्ने **प्रमोद मण्डल** (ना.प्र.नं. ७/१४३० जि.प्र.का. मोरङ जारी मिति २०६२/०३/२८) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता प्रमोद मण्डल**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला वुधनगर गा.वि.स/न.पा वडा नं. ५ स्थित कित्ता नं. ८०९ को क्षेत्रफल ७०५व.मि. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : दमक, झापा**

**१. ऋणीको नाम : प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४,** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापा प्रा.फ.र.नं. ७४/५८/११३५४/०७१/०७२ मिति २०७१/०५/०५ मा दर्ता/रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय, भद्रपुरमा पान नं. ३०४२६१३३६ भएको झापा जिल्ला, दमक न.पा. वडा नं. ६ स्थित **माया देवी ज्वेलरी ।**

**प्रोप्राइटर तथा धितो जमानतकर्ता :** विर बहादुर विश्वकर्माको नाती, हर्क बहादुर विश्वकर्माको छोरा, झापा जिल्ला, तोपगाछी न.पा./गा.पा. वडा नं. ५ भई हाल दमक न.पा. वडा नं. ५ बस्ने **ओकेन्द्र बहादुर विश्वकर्मा** (ना.प्र.नं. ९७७३१३६५२ जि.प्र.का. झापा, जारी मिति २०४५/०२/११) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :*** हर्क बहादुर विश्वकर्माको बुहारी, विष्णु बहादुर विश्वकर्माको छोरी ओकेन्द्र बहादुर विश्वकर्माको पतिन झापा जिल्ला, दमक न.पा./गा.पा. वडा नं. १ भई हाल दमक न.पा. वडा नं. ५ बस्ने **रिना विश्वकर्मा** (ना.प्र.नं. ना.प्र.नं. २३११७९८ जि.प्र.का. झापा, जारी मिति २०६२/१/८)

**धितो सुरक्षणको विवरण :**

**१) ऋणी फर्मका प्रोप्राईटर ओकेन्द्र बहादुर विश्वकर्मा**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, दमक न.पा./गा.पा. वडा नं. १० स्थित कित्ता नं.१४८० को क्षेत्रफल ८४.६५ व.मि. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२)** ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु तथा ऋणीले वजारवाट उठाउन वाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन ।

**२. ऋणीको नाम :** हर्क बहादुर विश्वकर्माको बुहारी, विष्णु बहादुर विश्वकर्माको छोरी तथा ओकेन्द्र बहादुर विश्वकर्माको पत्नी झापा जिल्ला, दमक न.पा./गा.पा. वडा नं. १ भई हाल दमक न.पा. वडा नं. ५ बस्ने **रिना विश्वकर्मा** (ना.प्र.नं. ना.प्र.नं. २३११७९८ जि.प्र.का. झापा, जारी मिति २०६२/१/८)

**व्यक्तिगत जमानतकर्ताहरु :***

**क)** विर बहादुर विश्वकर्माको नाती, हर्क बहादुर विश्वकर्माको छोरा, झापा जिल्ला, तोपगाछी न.पा./गा.पा. वडा नं. ५ भई हाल दमक न.पा. वडा नं. ५ बस्ने **ओकेन्द्र बहादुर विश्वकर्मा** (ना.प्र.नं. ९७७३१३६५२ जि.प्र.का. झापा, जारी मिति २०४५/०२/११) ।

**धितो सुरक्षणको विवरण :** ऋणी **रिना विश्वकर्मा**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, चारपाने न.पा./गा.पा. वडा नं. १ स्थित कित्ता नं. २६३५ र ९२३५ को क्षेत्रफल क्रमशः ०-०-१३ र ०-०-६.५० (विगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

* तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।

**नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# ‘एक्टर : टेक वान’को पोस्टर सार्वजनिक

■ सौर्य समाचार

काठमाडौँ । १५ कात्तिकबाट प्रदर्शन हुने फिल्म ‘एक्टर : टेक वान’ले अभिनेत्री आना शर्माको क्यारेक्टर पोस्टर सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरमा अभिनेत्री आना मात्र चित्रित छिन् । पोस्टरमा आना सहरीया युवतीका रूपमा चित्रित छिन् । आकर्षक लुक्समा रहेकी उनी वान पिसमा छिन् । कलर गरेको कपाल र गला खुलेको वान पिसले उनलाई खुलेको छ । यसबारे निर्माण पक्षले भने केही खुलाएको छैन । उनको चरित्रको नाम प्रकृति रहेको बाहेक निर्माण पक्षले केही जानकारी दिएको छैन ।

यसअघि यो सिनेमाका मुख्य अभिनेता प्रदीप खड्कासहितको पोस्टमर सार्वजनिक भएका थिए । राजन भुसालको निर्देशन रहेको ‘एक्टर’मा प्रदीप र आनासहित राजवल्लभ कोइराला, आनासँगै नव नायिका दिव्या रायमाझी अभिनेता दिव्य देव, सुशील




सिटौला लगायतको अभिनय रहेको छ । अभिनेता दिलीप रायमाझीकी छोरी दिव्याले यही फिल्मबाट डेब्यु गरेकी हुन् । अदृत फिल्मस् र मोती फिल्मस्को प्रस्तुतिमा रहेको सिनेमाका निर्माता थमनकुमार भण्डारी हुन् । क्रेयटिभ प्रोडुसर मोती कार्की रहेको सिनेमाको लाइन प्रोड्युसरमा तोरन क्षेत्री हुन् ।

सिनेमाको कथा आकाश बराल र राजन स्वयंले लेखेका छन् । सिनेमालाई नरेन्द्र मैनालीले खिचेका हुन् । शिशिर खाती र किरण थापा कोरियोग्राफी रहेको सिनेमामा अष्टम महर्जनको द्वन्द्व कृष्णमान तामाङको आर्ट डिरेक्सन, हर्कुलस बस्नेत, रोहित शाक्य र एलिस कार्कीको संगीत रहेको छ । मुख्य सहायक निर्देशकमा आकाश उखेडा र राजेश विश्वकर्मा रहेको सिनेमामा सह-निर्देशकमा विशाल जंग, समय थपलिया, जीवन ढुंगेल, सुमन कार्की रहेका छन् । सिनेमामा काव्य थापाको मेकअप, वसन्त बुढा र अनिका श्रेष्ठको कस्ट्युम डिजाइन रहेको छ । यस फिल्मको वितरणको जिम्मा एप्पल इन्टरटेन्टमेन्ट र डिसिएनले लिएको छ ।



# संगीता मिस युनिभर्स

■ सौर्य समाचार


काठमाडौँ । मिस युनिभर्स नेपाल २०२४ को उपाधि सम्पदा घिमिरेले हात पारेकी छन् । बुधबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित ग्रान्ड फिनालेमा उनी विजेता बनेकी हुन् ।

यो जितसँगै सम्पदाले मेक्सिकोमा आउँदो नोभेम्बरमा हुने मिस युनिभर्स प्रतियोगितामा नेपालको तर्फबाट सहभागिता जनाउनेछिन् । मिस युनिभर्सको पाँचौं संस्करणमा विजेता सम्पदा घिमिरेलाई ग्लोबर ग्लामरकी नेसनल डाइरेक्टर संगीता पुरीले ताज पहिराइन् । प्रतियोगितामा सहभागीमध्येबाट फस्ट रनरअपमा स्मृति सिंह बिजेता बनेकी छन् ।

सेकेन्ड रनरअप अक्षिता क्षेत्री र थर्ड रनरअप क्यारिन मुर्रे घोषित भएका छन् । सुजल बम फोर्थ रनरअप घोषित भइन् ।

# विवादमा ‘बोर्डर-२’

■ एजेन्सी



मुम्बई । सन्नी देओलको फिल्म ‘बोर्डर-२’ छायांकन अगावै विवादमा तानिएको छ । यो फिल्म सन् १९९७ मा रिलिज भएको ‘बोर्डर’ को सिक्वेल हो । सो चलचित्रसँग आवद्ध चलचित्र फाइनान्सर तथा वितरक भरत शाहले ‘बोर्डर-२’ का निर्मातालाई सार्वजनिक सूचना जारी गरेका छन् । फिल्मको पहिलो भागलाई लिएर अदालतमा मुद्दा चलिरहेको छ । यस सूचनामार्फत वकिल अजय खतलावाला र लिटिल एन्ड कम्पनीका साझेदार भरत शाह र बिना भरत शाह फिल्म ‘बोर्डर’ को विश्व अधिकारको नियन्त्रक रहेको बताए ।

उनले चलचित्रका निर्देशक तथा निर्माता जेपी दत्तसँग यो वार चलचित्रलाई आर्थिक सहयोग गर्ने सम्झौता गरेका थिए । पछि पार्टीबीच मतभेद उत्पन्न भएको हो । यसअघि नै फिल्मको कमाइ आधामा बाँड्ने निर्णय भएको थियो । यति मात्र होइन, जेपी दत्तले फिल्ममा खर्च भएको रकमको जानकारी पनि भरत शाहलाई दिनुपरेको थियो । उक्त नोटिसमा जेपी दत्तले भरत शाह र बिना भरत शाहलाई कहिले पनि कुनै जानकारी नदिएको र फिल्मको आर्थिक अवस्था र नाफाबारे पनि जानकारी नगरेको उल्लेख गरिएको थियो । यस्तो अवस्थामा अब भरत शाह र बीना भरत शाहले जेपी दत्तविरुद्ध भारतीय चलचित्र तथा टिभी निर्माता परिषद्मा उजुरी दिएका छन् । यसअघि सन् २०१४ मा उनले मुम्बई हाई कोर्टमा पनि पुगेका थिए । यो मुद्दा अहिले सिभिल कोर्टमा सरेको छ । केही महिनाअघि सन्नी देओल र जेपी दत्तले २७ वर्षपछि ‘बोर्डर-२’ बनाउने घोषणा गरेका थिए । यस फिल्ममा सनीसँग पहिले आयुष्मान खुराना देखिने थिए तर अहिले उनको ठाउँमा वरुण धवनले लिएका छन् । फिल्ममा सन्नी र वरुणबाहेक दिलजित दोसाँझ पनि देखिनेछन् । यो चलचित्रको छायांकन छिट्टै सुरु गर्ने तयारीमा छन् । यो फिल्म २३ जनवरी २०२६ मा थिएटरहरूमा रिलिज हुनेछ । गुलशन कुमार, टी-सिरिज र जेपी दत्तले संयुक्त रूपमा निर्माण गरेका हुन् ।


## रौतामाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र/सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२८**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार रौतामाई गाउँपालिकाको क्षेत्र भित्र पर्ने विभिन्न खोलाहरुबाट ढुंङ्गा, गिट्टी, बालुवाको निकासी संकलन गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (बोलपत्रको हकमा) र १५ दिनभित्र (सिलबन्दी दरभाउपत्रको हकमा) यस कार्यालयबाट बोलपत्र/सिलबन्दी दरभाउपत्र (BOQ) खरिद गरी ३१ औ दिन (बोलपत्रको हकमा) र १६ औं दिन (सिलबन्दी दरभाउपत्रको हकमा) १२:०० बजेसम्म पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । बोलपत्र/सिलबन्दी दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for e-Bids
Government of Nepal
**Ministry of Health and Population**
**Ayurveda Chikitsalaya**
**Naradevi, Kathmandu**
**Date of publication: 2081-05-28**
**Invitation for Bids No: NAHKTM/G/NCB/02-081/82**

1. The ***Ayurveda Chikitsalaya, Naradevi, Kathmandu*** invites ***electronic*** bids from eligible bidders for The Procurement of Supply and Delivery of Medicine for Pharmacy use under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Ayurveda Chikitsalaya, Naradevi, Kathmandu,*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: ***Rastriya Banijya Bank, Teku, Kathmandu***
   Name of Office: ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu***
   Office Code no. : ***370003502***
   Office Account no.: ***100010020001000***
   Bid documents Fee: ***NRs. 3000/- (Non Refundable)***
   Rajaswa (revenue) Shirshak no. :***14229***
5. Pre-bid meeting shall not be held.
6. Electronic bids must be submitted to the office ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2081-06-27***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***2081-06-27*** at the office *of* ***Ayurveda Chikitsalaya, naradevi, Kathmandu.*** Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs.3,50,000/-*** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: ***1700100102030000*** District Treasury Office, Tripureswor, Kathmandu at ***Rastriya Banijya Bank***, ***Teku*** Branch and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. In the case of medicines produced in Nepal, the official letter of the firm or company with an import license in the case of drugs produced in Nepal, and in the case of foreign medicines, the official letter of the approved medicine provider must be submitted before the contract.
11. Medicines submitted by the bidder must be registered in the Drug Administration Department and must have a license for sale and distribution. Production license or import license as required by this hospital, Market sale distribution certificate and quantity sheet should be provided. In addition, the cost and liability of the quality test of the medicine will be borne by the payer।
12. While submitting the price of the drug, the name of the drug manufacturing company and the maximum net price of the drug must be mentioned.



## Phaktanglung Rural Munipality
### Office of Rural Municipal Executive
Tapethok, Taplejung
Province no. 1, Nepal

**Invitation for Online Sealed Quotation**

**Invitation for Sealed Quotation for the procurement of medicine and surgical items**
**Sealed Quotation No: FRM/G/SQ/PMS/2081/082/01**
**Date of first Publication:2081/05/28(13th September 2024)**

1. **Phaktanglung Rural Municipality** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of **medicine and surgical items**. The estimated cost for the items With VAT is 2484382.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Phaktanglung Rural Municipality, Tapethok,Taplejung,Phaktanglungmun@gmail.com 9852660310,9852660491] [or may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [ www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost Rs:1000 of bidding document in the following account
   **Name of the Bank: Global IME Bank**
   **Name of Office: Phaktanglung Rural Municipality**
   **Office Account no.: 26604010000011**
   Rajaswa (revenue) Shirshak no. : Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung"]
4. Sealed bids must be submitted to the office of Phaktanglung Rural Municipality through e-GP system i.e www.bopatra.gov.np/egp] on or before 12:00PM on 2081/06/11. Bids received after this deadline will be rejected.
   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on 2081/06/11 at Tapethok,office of Phaktanglung Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 65000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.2081/08/25). If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following account
   **Name of the Bank: Global IME Bank**
   **Name of Office: Phaktanglung Rural Municipality**
   **Office Account no.: S504010000008**
   Account Name: Dharauti account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**chief administrative officer**

सौर्य दैनिक आर्थिक



*पर्यटन बोर्डका सिइओ दीपकराज जोशीलाई भेटेर नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठनले हवाई टिकट र ट्रेकिङ्मा लगाइएको भ्याट तत्काल फिर्ता गर्न माग गरेको छ*

*अर्थमन्त्री विष्णु पौडेलले राजस्व संकलनमा सचेत रहन तथा राजस्व परिचालनमा कुनै कम्प्रोमाइज नगर्न भन्सार र आन्तरिक राजस्व विभागलाई निर्देशन दिएका छन्*



# कतार निर्यात हुन थाल्यो नेपाली तरकारी




**सौर्य समाचार**

काठमाडौं । नेपालमा उत्पादन गरिएको तरकारी कतारमा निर्यात गर्न थालिएको छ । चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट नेपालको सहयोगमा नेपालको कृषि कार्यक्रमअन्तर्गत पहिलो चरणमा बिहीबारबाट नेपालमा उत्पादन भएको तरकारी कतारमा निर्यात गर्न सुरु गरिएको हो । काठमाडौंको दक्षिणकाली नगरपालिकाभित्र उत्पादित करिब २ हजार किलो तरकारी कतार पठाइएको दक्षिणकालीका नगरप्रमुख मोहन बस्नेतले जानकारी दिए । उनले भने, 'त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा आयोजित कार्यक्रममा नेपालका लागि कतारी राजदूत मिसाल मोहम्मद अली अल अन्सारीलाई तरकारी हस्तान्तरण गरेका छौं ।'

यसैगरी कृषि विभागका महानिर्देशक डा.नरहरिप्रसाद घिमिरेले नेपालबाट कतारका लागि तरकारी निर्यात हुनु निकै खुसीको कुरा भएको बताए । ग्रामीण विकासका लागि चाइना फाउन्डेसनको कृषि प्रवर्द्धन कार्यक्रमअन्तर्गत दक्षिणकालीमा तरकारीखेती गरिएको थियो । त्यहाँका किसानले उत्पादन गरेका तरकारी निर्यातसँगै यसले मुलुकको आर्थिक विकासमा पनि टेवा पुग्ने र किसानलाई प्रोत्साहन हुने विश्वास लिइएको छ । तरकारी उत्पादनका लागि ग्रामीण विकासका लागि चाइना फाउन्डेसनले किसानलाई विशेष तालिमका साथै आवश्यक कृषि सामग्रीसमेत उपलब्ध गराएको थियो । कतारमा नेपाली ताजा तरकारी निर्यात समारोहमा चीनको प्राविधिक तथा आर्थिक सहयोगमा नेपालको कृषि विकासमा महत्वपूर्ण पहल भएको बताइएको छ । चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्टको कृषि प्रवर्द्धन कार्यक्रमद्वारा समर्थित किसानले खेती गरेका विभिन्न बाली समावेश भएका जनाइएको छ । कतार पठाइएको तरकारीमा रातो चेरी मिर्च खुर्सानी (अकबरे), फ्ल्याट बिन्स र करेला लगायतका रहेका छन् । दक्षिणकाली नगरपालिकाका स्थानीय किसानले खेती गरेका उत्पादनले ताजापन र गुणस्तर सुनिश्चित गर्दै कतारको बजारमा मनपर्ने नेपालका लागि कतारी राजदूत अन्सारीले बताए । चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट (सिएफआरडी) नेपालको कार्यालय चीनबाट सफल ग्रामीण विकास अभ्यासलाई नेपाली समुदायमा हस्तान्तरण गर्न अग्रपंक्तिमा रहेको दाबी गरिएको छ । नेपाली समुदायभित्र जीवनस्तर उकास्ने मुख्य लक्ष्यका साथ सिएफआरडीले सुरुमा प्लम्बिङ र इलेक्ट्रिसियनको व्यावसायिक तालिममार्फत सीप विकासमा ध्यान केन्द्रित गरेको जनाइएको थियो ।

यसैगरी २०२३ मा उक्त फाउन्डेसनले काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिकामा बेमौसमी तरकारी उत्पादनमा विशेष तालिम प्रदान गरेर दिगो विकासलाई प्रवर्द्धन गर्न सहयोग गरेको जानकारी दिएको छ ।

## हिलिहाङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

### बोलपत्र आह्वानको सूचना

**पहिलो पटक सुचना प्रकाशित मिति २०८१/०५/२८ गते**

हिलिहाङ गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको निर्माण कार्य गर्नूपर्न भएकाले नेपाल सरकारबाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यावसायीहरुवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फारम खरिद गर्न इच्छुक निर्माण व्यावसायीहरु आ.व. २०८१/०८२ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८० /०८१ सम्मको कर चुक्ता को प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि सहित www.bolpatragov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ ।

२. बोलपत्र साथ जमानत बापतको रकम हिमालयन बैंक लिमिटेड ,हिलिहाङ गोपेटार शाखाको HILIHANG GA.3STHA.TAHA DHARO KHAT नामको धरौटी खाता नम्बर २६३५११८२२४००१५ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानत पत्र समावेश भएको हुनु पर्नेछ । बोलपत्र खरिदको लागि हिमालयन बैंक लिमिटेड,हिलिहाङ गोपेटार शाखाको HILIHANG GA-1-1 ANTARIK RAJASWO नामको खाता नम्बर २६३५११८२२४०१७१ मा नगद रकम दाखिला गरि बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएको बोलपत्र को हकमा यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले ३१ औ दिन वा ई बिडिङ्ग मा उल्लेख भए बमोजिम बोलपत्र अन्तिम दिनको तोकिएको समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेभसाइटwww.bolpatragov.np/egp बाट भर्न सकिने छ । विस्तृत विवरण टेण्डर फारमसंग संग्लल छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र फारम दस्तुर | टेण्डर पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/ WORKS/081/082/01 | Construction of Ward no.2 Administrative Building | 13,378,618.46 | 385,000.00 | 3000.00 | 16-10-2024 (A.D) | |
| 2 | HRM/NCB/ WORKS/081/082/02 | Construction of Amarpur Health Post Building | 11,472,071.33 | 330,000.00 | 3000.00 | 16-10-2024 (A.D) | |

नि. प्रमूख प्रशासकीय अधिकृत

# नेपाल र जापानको कम्पनीबीच आइटी सम्झौता




**सौर्य समाचार**

काठमाडौं । नेपाली कम्पनी आइजिसी बिजनेस होल्डिङ र जापानको केइरिनकन कम्पनी लिमिटेडबीच सूचना प्रविधि (आइटी) क्षेत्रमा संयुक्त लगानीका लागि सम्झौता भएको छ । आइजिसी बिजनेस होल्डिङका अध्यक्ष गणेशमान लामा र केइरिनकन कम्पनी लिमिटेडका अध्यक्ष तथा प्रमुख कार्यक्रम अधिकृत (सिइओ) सतोशी सातोले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको उपस्थितिमा औपचारिक रूपमा सम्झौतामा हस्ताक्षर गरेका हुन् । दुवै पक्षले नेपाललाई डिजिटल रूपान्तरणको मार्गमा अघि बढाउन मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा बोल्दै उद्योग मन्त्री दामोदर भण्डारीले नेपाल सरकारले सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानीलाई उच्च प्राथमिकता दिएको बताएका छन् । उनले भने, 'हामी यस क्षेत्रमा लगानी भित्र्याउन आवश्यक सहयोग प्रदान गर्न प्रतिबद्ध छौं र लगानीकर्ताहरूका लागि सकारात्मक वातावरण सिर्जना गर्न सरकार पनि तयार छ ।' मन्त्री भण्डारीले वैदेशिक लगानीकर्तालाई प्रोत्साहन गर्दै सूचना प्रविधि क्षेत्रलाई प्रगति गराउन नेपाल सरकार तयार रहेको कुरामा जोड दिए । उनले यो सम्झौताले २ राष्ट्रबीचको प्रविधि सम्बन्धमा नयाँ युगको सुरुआतको संकेत गरेको उल्लेख गरे ।

आइजिसीका अध्यक्ष लामाले कार्यक्रम केवल सम्झौतापत्रमा हस्ताक्षरको मात्र नभई नेपाल र जापानबीच सहकार्य, विकास तथा साझा दृष्टिकोणको यात्रा भएको बताए । उनले सूचना प्रविधि क्षेत्रमा यो प्रतिबद्धताले नेपाललाई डिजिटल रूपान्तरण र प्राविधिक नवप्रवर्तनतर्फ लैजाने काममा सहयोग पुर्‍याउने बताए ।

केइरिनकनका अध्यक्ष तथा सिइओ सतोशी सातोले पनि यस संयुक्त लगानीप्रति आफ्नो उत्साह प्रकट गर्दै यो सहकार्यले व्यापारिक सम्बन्धलाई मात्रै नभई नेपाल र जापानबीचको गहिरो द्विपक्षीय सम्बन्धलाई पनि मजबुत बनाउने बताए । उनले यस साझेदारीको माध्यमबाट नेपालमा आफ्नो व्यवसाय विस्तार गर्ने इच्छा व्यक्त गरे ।

## Ratuwamai Municipality
### Office of Municipal Executive
Sijuwa, Morang
Koshi Provience, Nepal

### Invitation for Electronic Bids

**First Date of Publication: 2081/05/28**

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for supply and delivery of goods mentioned below under National Competitive Bidding Procedures.

| S.N | Contract Name/Contract ID | Estimated Amount (NRs) | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|
| 1. | Supply and Delivery of Hybrid Maize Seeds (Contract ID:Rmun/NCB/Goods/01/2081/082) | 78,93,000.00 | 3,000.00 | 1,98,000.00 | Submission Deadline 2081/07/04 12:00 Noon<br>Opening Date 2081/07/04 1:00 PM |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp .
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata**<br>Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata**<br>Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



पहिलो डेभिस कप खेलमा जित हात पारेपछि बिली ह्यारिस



बेलायतकी सोनाइ कार्टल जापानकी माइ होन्तामालाई हराउँदै जस्मिन ओपनको फाइनलमा प्रवेश गरेकी छन्

## हेडको उत्कृष्ट ब्याटिङले अस्ट्रेलियाको जित



**एजेन्सी**

लन्डन । विश्व क्रिकेटमा इंग्ल्यान्डको नयाँ युग खराब ढंगले चलेको छ । गएको ३ महिनामा इंग्ल्यान्डले अस्ट्रेलियासँग लगातार दोस्रो हारको सामना गरेको छ । जुन महिनामा बारबाडोसको ओभलमा ३६ रनको हार सहेको इंग्ल्यान्डले हम्पसायरमा २८ रनको हार सहेको हो ।

अस्ट्रेलियाले बनाएको १७९ रनको जवाफमा ब्याटिङ गरेको इंग्ल्यान्ड १५१ रनमा सीमित भएको हो । अन्तरिम कप्तान फिल साल्ट तथा अन्तरिम प्रशिक्षक मार्कस ट्रेस्कोथिकको साथमा मैदानमा उत्रेको इंग्ल्यान्डका लागि फेरि एकपटक अस्ट्रेलियाका ट्रेभिस हेड घातक भए । हेडले २३ बलमा ८ चौका र ४ छक्काको सहयोगमा ५९ रन जोडे । उनले म्याथ्यु सर्टसँग मिलेर पहिलो विकेटका लागि ८६ रनको साझेदारी गरे । सर्टले ४१ रन जोडे ।

१८० रनको लक्ष्य पछ्याएको इंग्ल्यान्ड ४ बल बाँकी रहँदा १५१ रनमा सीमित भएको हो । इंग्ल्यान्डलाई कम योगफलमा सीमित गर्ने क्रममा सियोन एबोटले ३ दशमलव २ ओभरमा २८ रन खर्चेर ३ विकेट लिए । इंग्ल्यान्डका लियाम लिभिङस्टोनले २७ बलमा ३७ रन प्रहार गरे । यसै गरी कप्तान साल्टले १२ बलमा २० रन जोडे ।

वर्षाको कारण टस ढिला भएको खेलमा अस्ट्रेलियाले सुरुआत गरेजस्तो सानदार ढंगले पारीको अन्त्य गर्न सकेन । पहिलो पावर प्लेकै १ बल बाँकी रहँदा बिना कुनै विकेटको क्षति ८६ रन जोडेको अस्ट्रेलियाले त्यसपछि ९३ रन जोड्दै बाँकी १० विकेट गुमाएको हो । ३ बल बाँकी रहँदा नै अस्ट्रेलिया अल आउट भएको थियो । २०० रनको आँकडा पार गर्ने गतिमा अघि बढिरहेको अस्ट्रेलियालाई रोक्ने काम स्पिनर अदिल रसिद र लियामस्टानले गरेका थिए । रसिदले ४ ओभरमा २३ रन खर्चेर १ विकेट लिए । लिभिङ स्टोनले ३ ओभरमा २२ रन खर्चेर ३ विकेट लिए । यी २ स्पिनर जम्नु अघि हेड र सर्टले पहिलो ३५ मध्यका १५ बलमा छक्का या चौका प्रहार गरेका थिए ।

अहिले अस्ट्रेलिया डेविड वार्नरको साटो हेडको विकल्पमा कसलाई टोलीमा राख्ने भन्नेमा अनिश्चित छ । वार्नर र अस्ट्रेलियाका धेरै जना टी-२० का लापग र सम्भव भए एक दिवसीयका लागि पनि फ्रेजर म्याक गुरुक उपयुक्त हुने सोचमा थिए । तर यस पारीले नया बहस जन्माएको छ । यसअघि म्याकगुरुक आइपिएलमा गरिएको सानदार प्रदर्शन तथा बिबिएलमा गरिएका केही उत्कृष्ट खेलमा लागि पहिलो रोजाइका लागि हकदार मानिएका थिए ।

अस्ट्रेलिया अहिले थुप्रै ओपनर भएका कारण मध्य क्रममा केन्द्रित छ । टिम डेभिड अहिले हेर्नलायक खेलाडीको रूपमा छन् । अस्ट्रेलियाले यसपछि न्युजिल्यान्ड र भारतको भ्रमण गर्नेछ । सायद सोही भ्रमणले नयाँ टी-२० टोलीको दिशा पनि तय गर्नेछ ।

## आर्मीको फराकिलो जित



**सौर्य समाचार**

काठमाडौं । एन्फा महिला लिगअन्तर्गत बिहीबारको पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले बागमती प्रदेशलाई पराजित गरेको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा बिहीबार भएको खेलमा आर्मीले बागमती प्रदेशलाई ३-० गोल अन्तरले पराजित गरेको छ । आर्मीको जितमा विमला चौधरी, अमिसा कार्की र सान्जी थिङले समान १ गोल गरे । पहिलो हाफको २६औं मिनेटमा विमलाको गोलमा आर्मीले सुरुआती अग्रता बनाएको थियो । पहिलो हाफमा १ गोल गरेको आर्मीले दोस्रो हाफमा १ गोल थप्दा १ गोल भने उपहार स्वरूप पायो । खेलको ६१औं मिनेटमा अमिसाको गोलमा आर्मीले अग्रता दोब्बर पार्‍यो । खेलको अन्तिम मिनेट अर्थात ९०औं मिनेटमा सान्जीको आत्मघाती गोलमा आर्मीले ३-० को अग्रता बनायो । बागमतीविरुद्ध आर्मीले गोलमा थुप्रै मौका बनाए पनि त्यसलाई सदुपयोग गर्न सकेन । जितसँगै आर्मी दोस्रो स्थानमा उक्लेको छ । लिगका ४ खेलमा आर्मीले ३ खेलमा जित र १ खेलमा हार भोग्दै आर्मीले ९ अंक बनाएको छ । समान खेलबाट १० अंक भएको पुलिस क्लब अंक तालिकाको शीर्ष स्थानमा छ । बागमती प्रदेशले भने लिगमा तेस्रो हार बेहोरेको हो । बागमतीले ४ खेलमा १ खेलमा जित र ३ खेलमा हार भोग्दै ३ अंकमा तालिकाको सातौँ स्थानमा छ । दोस्रो खेलमा एपिएफ फुटबल क्लब र वालिङ नगरपालिका भिड्नेछन् । अंक तालिकाका एपिएफ चौथो र वालिङ पाँचौं स्थानमा छ ।

## खेलाडीभन्दा अफिसियल धेरै भएपछि नेपालले पाएन भिसा




**सौर्य समाचार**

काठमाडौं । चेसको सबैभन्दा ठुलो अन्तर्राष्ट्रिय प्रतियोगिता चेस ओलम्पियाडमा हंगेरीले भिसा नदिएका कारण नेपाल सहभागी हुन सकेन । नेपालबाट प्रयास सफल नभएपछि नेपाली टोली भिसा प्रक्रियाका लागि भारतसम्म पुगेको थियो । फर्किने ग्यारेन्टी नभएको भन्दै भिसा दिन अस्वीकार गरेको बुझिएको छ ।

प्रतियोगितामा महिलातर्फ ५ र पुरुषतर्फ ५ गरी १० जना नेपाली खेलाडी सहभागी हुने तय भएको थियो । विश्व बुद्धिचाल महासंघ-फिडेको आधिकारिक प्रतियोगिता र निमन्त्रणा भएका कारण नेपाली खेलाडीहरूले भिसा नपाउने कल्पनासमेत गरेका थिएनन् । त्यसमा पनि हंगेरी चेसका लागि विश्व प्रसिद्ध भएकाले त्यही खेल खेल्न आउने टोलीलाई उनीहरूले स्वागत गर्ने अनुमान स्वभाविक थियो ।

नेपालबाट पुरुषतर्फ सुश्रुत दाहाल, क्षितिज भण्डारी, राजन सुवेदी, रुपैस जैसवाल र विवेक थिङ सहभागी हुने तय थियो । गत जेठमा सम्पन्न नेपाल बुद्धिचाल महासंघले आयोजना गरेको २४औं राष्ट्रिय प्रतियोगितामा राजन प्रथम, सुश्रुत दाहाल दोस्रो र क्षितिज भण्डारी तेस्रो भएका थिए । जैसवाल पूर्वराष्ट्रिय च्याम्पियन हुन् भने हाल अस्ट्रेलियामा रहेका थिङ सबैभन्दा बढी रेटिङ भएका नेपाली खेलाडी हुन् । नेसनल वुमन च्याम्पियन सिन्दिरा जोशी, दोस्रो कृतिसरा अधिकारी, तृतीय पूजा भण्डारी र चौथो हुने शान्ति धिमाल र पूर्वराष्ट्रिय च्याम्पियन सुजना लोहनीसहित ५ जनालाई ओलम्पियाडका लागि छनोट गरिएको थियो ।

अस्ट्रेलियामा रहेकी पूर्वच्याम्पियन डब्लू एफएम सुजना लोहनी व्यक्तिगत कारण सहभागी नहुने भएपछि पाँचौं स्थान प्राप्त गरेकी रिया श्रेष्ठले मौका पाएकी थिइन् । नेपाल सन् २००४ देखि यो प्रतियोगिता खेल्दै आइरहेको छ । हरेक २ वर्षमा आयोजना हुने चेस ओलम्पियाड यसअघि स्पेन, इटाली, जर्मनी, नर्वे, रुस, जर्जियालगायत देशमा आयोजना हुँदा हरेकपटक नेपाल सहभागी भएको थियो ।

स्रोतका अनुसार नेपाल बुद्धिचाल महासंघले हंगेरीको बुडापेस्टमा भइरहेको यो प्रतियोगितामा सहभागिता जनाउन १० खेलाडीसहित २१ जनालाई पठाउन भिसाका लागि आवेदन दिएको थियो । नेपाली चेसकै एक पदाधिकारीका अनुसार चेस ओलम्पियाडमा फिडेलाई १४ जनासम्मलाई अफिसियल टोलीमा अनुमति दिइन्छ ।

खेलाडीभन्दा बढी पदाधिकारी र अन्य व्यक्तिहरू लैजान खोजिएको संघका एक पदाधिकारी बताउँछन् । 'अफिसियलका सहयोगी बनाएर लैजान खोजिएको थियो', उनी भन्छन् । नेपाल बुद्धिचाल महासंघले हेड अफ डेलिगेट अध्यक्ष हेराकाजी महर्जनको नेतृत्वमा फिडे डेलिगेट महासचिव धरम बहादुर लामा, पुरुष टिम क्याप्टेन कोषाध्यक्ष ताराबहादुर रानाभाट र महिला टिम क्याप्टेन सदस्य राजु ताम्राकार पठाउने निर्णय गरेको थियो । यस्तै पूर्वउपाध्यक्ष नारायणदास गमाल, काठमाडौं जिल्ला बुद्धिचाल संघका पूर्वअध्यक्ष अमृतचन्द्र श्रेष्ठ र विश्वविद्यालय खेलकुद संघका केन्द्रीय अध्यक्ष अनिलकुमार रिजाललाई साथमा लग्ने तय गरेको थियो । एक जना पत्रकार पनि टोलीमा राखिएको थियो ।

बुडापेस्टमा आयोजना भइरहेको प्रतियोगिता खेल्न जान लागेको नेपाली टोलीमा २ जना एफएम क्षितिज र रुपेश थिए । त्यस्तै सुश्रुत दाहाल र विवेक थिङ सिएम हुन् । सामान्य रेटिङ भएका नेपाली खेलाडीहरूलाई सिएम र एफएमजस्ता उपाधि प्राप्त गर्न ओलम्पियाड महत्वपूर्ण मानिन्छ ।

# विश्व

## मृतकको नाममा ट्रम्पको राजनीति



**एजेन्सी**

न्यूयोर्क । १ वर्ष अघिको अगस्टमा बस दुर्घटनामा मारिएका एक बालकको नाम चुनावी अभियानमा जोडिएपछि यसले ती बालकको बाबुलाई आक्रोशित तुल्याएको छ । अहिले रिपब्लिक पार्टीले डेमोक्र्याट उम्मेद्वारमाथि आप्रवासी विषयमा नै धेरै प्रहार गरेका छन् । अगस्ट २०२३ मा आहियोमा भएको बस दुर्घटनामा ११ वर्षीय आइडेन क्लर्कको मृत्यु भएको थियो ।

अहिलेको निर्वाचनमा आइडनको मृत्युलाई हाइटीका आप्रवासीसँग जोडेर ह्यारिसमाथि समेत रिपब्लिकहरूले प्रहार गरिरहेका छन् । उपराष्ट्रपतिकी प्रत्याशी जे डी भान्सले ट्विटरमा आइडेनका बाबुलाई हाइटीका आप्रवासीले मारेको प्रसंग उठाएपछि ती बालकका बाबुले त्यस समुदायको बैठकमा आइडेनको विषय नउठाउन रिपब्लिक पार्टीलाई भनेका छन् । 'आइडेनको हत्या भएको होइन । हाइटीका ती आप्रवासीले चलाएको बस दुर्घटना भएको हो । तसर्थ चुनावी लाभका लागि यस्ता गलत कार्य तत्काल बन्द गर्नुपर्छ', उनले भने ।

त्यस घटनामा हमार्नियो जोसेफले चलाएको भ्यान र स्कुलबस जुधेपछि बसका धेरै जना घाइते भएका थिए भने आइडेनको ज्यान गएको थियो । लाइसेन्स नभएका जोसेफलाई जेल सजाय भएको छ । अहिले कमला ह्यारिसमाथि रिपब्लिकले लगाउने आरोप आप्रवासी मुद्दा नै हो । यसै कारण धेरैले ट्विटरमा ह्यारिसको फोटो आइडेनको फोटोसँग जोडेर राख्ने पनि गरेका छन् । आफ्नो छोराको नाम चुनावी मुद्दा मात्र बनाएपछि उनी आजित भएका हुन् ।

समुदायतर्फबाट नै रिपब्लिकमाथि आरोप लागेपछि यस निर्वाचनमा डेमोक्र्याटका लागि अर्को खराब विषय भएको छ । बुधबार मात्र भएको बहसमा डेमोक्र्याट उम्मेद्वार कमला ह्यारिस रिपब्लिक उम्मेद्वार डोनाल्ड ट्रम्पमाथि हाबी भएपछि यसले केही तटस्थ मतदातालाई समेत प्रभावित तुल्याएको जनाइएको छ ।

## पेरुका विवादास्पद नेता फुजीमोरीको निधन



**एजेन्सी**

पेरु । पेरुका विवादास्पद नेता अल्बर्टो फुजीमोरीको ८६ वर्षको उमेरमा जिब्रोको क्यान्सरका कारण निधन भएको छ । उनको आलोचकहरूका लागि फुजीमोरीले देशलाई चरम आर्थिक संकट तथा आपराधिक दुनियाँबाट बचाएका थिए । उनका आलोचकहरूको नजरमा उनी एउटा क्रूर तानासाह हुन्, जसले प्रजातान्त्रिक मूल्य र मान्यताको उपहास उडाउँदै सत्ता हातमा लिएका थिए । सन् १९९० देखि २००० सम्म शासन सत्ता सम्हालेका उनीमाथि थुप्रै भ्रष्टाचारको आरोपसमेत लागेको थियो ।

जापानी आप्रवासीका छोरा फुजीमोरीले अमेरिका र फ्रान्समा गएर अध्ययन गर्नुअघि पेरुको राजधानी लिमामानै कृषि विज्ञानको अध्ययन गरेका थिए । उनले शासनकालमा आफ्नै नामको नयाँ अर्थ नीति 'फुजिसिक' ल्याएका थिए । उनकै शासन कालमा ल्याटिन अमेरिकामा लामो समय प्रभाव जमाएका युद्ध समूह साइनिङ पथको हार भएको थियो । उनले साइनिङ पथका नेता अजुबल गुजमानलाई नियन्त्रणमा समेत लिएका थिए ।

यी सुधारवादी नेता बिस्तारै आफ्नो शक्ति बलियो बनाउँदै विपक्षी शक्ति माथिको दमनमा केन्द्रित हुन थालेका थिए । सन् १९९० को दशकमा सुसाना हिगाउचीले सार्वजनिक रूपमा जापानलाई अवैध कपडा बेचेको आरोप लगाएपछि सम्बन्ध विच्छेद भएको थियो । यसैकारण उनले छोरी काइकोलाई प्रथम महिला घोषित गरेका थिए ।

सन् २००० मा उनले तेस्रोपटक जित हात पारेका थिए । परन्तु त्यस समयमा उनका थुप्रै भिडियो लिक भएको थियो । यसै कारण पेरुको जनताको आक्रोश थामिएको थिएन । जापान भ्रमणमा गएको उनी देश फर्किएनन् । त्यस पनि जापानमै निर्वासनमा गएका उनी पेरुको राजनीतिमा फर्कन सोचका साथ सन् २००० को दशकको मध्यमा चिलीमा पुगेका थिए । त्यही गिरफ्तार गरिएका उनीमाथि अनेकौं आरोप लगाइए । यी आरोप भ्रस्टाचार र मानवअधिकार हन सम्बन्धी थियो ।

केही समय जेलबाट बाहिर रहेका उनले कानुनी लडाइँ लडेका थिए । सो समयमा उनलाई ४ अभियोग थियो । थुप्रै नागरिकको ज्यान लिइएको अभियोगमा उनलाई सन् २००९ मा २५ वर्षको जेल सजाय सुनाइएको थियो ।

कुनै समयमा पेरुका सर्वाधिक सफल यी नेताको देहान्त भने बहुत दुःखद् भएको थियो । सन् २०१७ मा उनको स्वास्थ्य अवस्थालाई हेरेर सरकारले जेल बाहिर रहन दिने जनाए पनि त्यसपछि भएको ठुलो जनविद्रोह र दबाबका कारण सरकार उनलाई जेलमा नै राख्न बाध्य भएको थियो । सन् १९९२ मा ६ जनालाई गिरफ्तार गरेर हत्या गरिएको अर्को अभियोग थपिएको थियो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी